# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १३९ | काठमाडौं | बुधबार, २४ भदौ २०८३ | Prabhab National Daily | Wednesday, 09 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ |-


सन्दर्भः वैदेशिक रोजगार

## इजरायलमा खुल्यो १४ सयभन्दा बढीलाई अवसर

- नेपाल र इजरायल सरकारबीच भएको श्रम सम्झौताअनुसार इजरायलले सहायक कामदार लग्दै
- नयाँ विज्ञापनअनुसार स्याहार केन्द्रका लागि एक हजार १३२ पुरूष र ३३२ महिला श्रमिक लैजाने
- योग्यता पुगेका व्यक्तिले असोज २६ गते राति १२ बजेसम्म विभागको वेब पोर्टलमा अनलाइन आवेदन दिनसक्ने
- आवेदन दिने व्यक्ति २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** इजरायलको दिर्घकालीन स्याहार केन्द्रमा नेपाली श्रमिकका लागि पुनः आवेदन खुलेको छ। वैदेशिक रोजगार विभागले एक सूचना जारी गर्दै एक हजार ४६४ जना सहायक कामदार (केयरगिभर)को माग आएको जानकारी दिएको हो।

इजरायलले गत जेठ १३ गते प्रकाशित विज्ञापनमा दुई हजार ३०० कामदार माग गरेको थियो। तर अंग्रेजी भाषा परीक्षामा एक हजार २३१ जनामात्र सफल भएका थिए। त्यसबाट आवश्यक कागजातको छानविन गर्दा एक हजार १४० जनाको सूची इजरायलको 'पपुलेसन, इमिग्रेसन एण्ड बोर्डर अथोरिटी' (पिवा)मा पठाइएको थियो। पिवाको चिट्ठा प्रणालीबाट ८३६ जना छनोट हुँदा ३०४ जना बाहिरिएका थिए। जेठको आवेदनबाट मागअनुसारको कामदार छनोट हुन नसकेपछि बाँकी कोटाका लागि आवेदन खुलाइएको विभागले जनाएको छ।

जेठमा चिट्ठामा नपरेकाहरूलाई पनि यसपटक भर्ना प्रक्रियामा समावेश गराइने भएको छ। त्यसबेला आवेदन स्वीकृत भएका ३०० जनाको सूची सार्वजनिक गर्दै पुनः आवेदन दिन नपर्ने विभागले जनाएको छ।

नेपाल र इजरायल सरकारबीच भएको श्रम सम्झौताअनुसार इजरायलले सहायक कामदार लग्दै आएको छ। नयाँ विज्ञापनअनुसार स्याहार केन्द्रका लागि एक हजार १३२ पुरुष र ३३२ महिला कामदार छनोट गरिने छ। छनोट भएकाहरूले गम्भीर अपांगता भएका जुनसुकै उमेरका व्यक्तिको स्याहार केन्द्रमा काम गर्नुपर्ने छ।

इजरायलमा काम गर्न इच्छुक तथा योग्यता पुगेका व्यक्तिले मंगलबार राति १२ बजेदेखि असोज २६ गते राति १२ बजेसम्म विभागको वेब पोर्टलमा अनलाइन आवेदन दिनसक्ने जनाइएको छ। आवेदन दिने व्यक्ति २५ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने भनिएको छ। आवेदकको नाम पिवाको छनोट प्रक्रियामा पठाइने छ। पिवाले नाम जाँच गर्ने समयमा ४५ वर्ष नाघेकाहरूलाई चिट्ठा प्रक्रियामा समावेश नगराइने स्पष्ट पारिएको छ। यसपटकको आवेदनबाट चिट्ठामा फालिनेहरूलाई भने रोजगार प्रक्रियामा समावेश गराउन इजरायल बाध्य नहुने जनाइएको छ।

इजरायल जाने कामदारले आवेदन दिएपछि कागजात प्रमाणीकरण, अंग्रेजी भाषा परीक्षण, स्वास्थ्य परीक्षण तथा इजरायली पक्षबाट नाम जाँच गर्नेलगायत प्रक्रिया पूरा गर्नुपर्ने सूचनामा भनिएको छ। अंग्रेजी भाषा परीक्षणमा रिडिङ, राइटिङ, लिसनिङ र स्पिकिङसम्बन्धी न्यूनतम मापदण्ड पूरा गर्नुपर्ने उल्लेख छ।

क्रमशः पृष्ठ २ मा

# विपद्मा बढ्यो महँगी सरकार मुकदर्शक



जनतामा अहिले एकातिर विपत्तिको पीडा छ, अर्कोतिर भान्सा चलाउन संकट छ। युवा जोस र जनमतको ठूलो शक्ति भएको सरकारबाट यस्तो अपेक्षा गरिएको थिएन।

■ **विमला खनाल**
सभापति, कञ्जुमर आई नेपाल



कृत्रिम मूल्यवृद्धि र अभावका गुनासो बढेका छन्। देशैभरि बजार अनुगमन तीव्र पारिएको छ।

■ **मोतीराम सापकोटा**
महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग



■ जेबी योञ्जन

**काठमाडौं–** बाढी, पहिरोजस्ता विपद्को मारमा परेका उपभोक्तालाई राहत दिनुपर्ने समयमा बजारमा महँगी झनै बढेको छ। खाना पकाउने एलपी ग्यासदेखि चामल, दाल, चिनी र तरकारीसम्मको मूल्य बढेपछि उपभोक्ताको भान्सा चलाउनै कठिन हुन थालेको छ।

बजारमा दैनिक उपभोग्य वस्तुको अभाव र मूल्यवृद्धि बढिरहँदा सरकार भने अनुगमन बढाइएको दाबीमै सीमित रहेको देखिएको छ। काठमाडौं उपत्यकामा एलपी ग्यास सहजरूपमा पाउन कठिन भएको उपभोक्ताहरू बताउँछन्। चामल र दालको मूल्य पसलैपिच्छे फरक छ भने चिनी खोज्न धेरैतिर भौंतारिनुपर्ने अवस्था छ। पाइहाले पनि महँगो मूल्य तिर्नुपर्ने उपभोक्ताको गुनासो छ। तरकारीको मूल्य पनि दिनदिनै बढिरहेको छ।

उपभोक्तावादी संस्था कञ्जुमर आई नेपालकी सभापति विमला खनालले विपद्को पीडामाथि महँगीको अर्को मार थपिएको बताइन्। उनले प्रभावसँग भनिन्, 'यी नभई नहुने दैनिक अत्यावश्यक वस्तु हुन्। जसमा सरकारले सजिलै हात उठाएको छ। उपभोक्ताको दैनिक जीवन अस्तव्यस्त बनेको छ।'

उनका अनुसार यस्तो अवस्थाका लागि सरकारसँग पूर्वतयारीदेखि वैकल्पिक आपूर्ति रणनीतिसम्म हुनुपर्थ्यो। 'जनतामा अहिले एकातिर विपत्तिको पीडा छ, अर्कोतिर भान्सा चलाउन संकट छ। युवा जोस र जनमतको ठूलो शक्ति भएको सरकारबाट यस्तो अपेक्षा गरिएको थिएन,' उनले बालेन सरकारप्रति गुनासो गरिन्।

उपभोक्ता अधिकारकर्मीहरूका अनुसार नयाँ सरकार बनेदेखि नै उकालो लागेको महँगी पछिल्लो एक सातामा झनै तीव्र बनेको छ। बजारमा १२० रूपैयाँमा पाइने चिनी १४० रूपैयाँसम्म पुगेको र मसिनो चामलमा किलोमै २० देखि ३० रूपैयाँसम्म मूल्य बढाइएको उनीहरूको दाबी छ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले पनि विपत्तिका कारण आपूर्ति व्यवस्थामा केही असहजता देखिएको र चाडबाडको समयमा उपभोग्य वस्तुको मागमा अतिरिक्त चाप परेको स्वीकार गरेको छ।

विभागका महानिर्देशक मोतीराम सापकोटाले कृत्रिम अभाव र मूल्यवृद्धिका गुनासा बढेपछि बजार अनुगमन तीव्र पारिएको बताए। 'विपत्तिसँगै केही आपूर्ति असहजता आएको छ। चाडबाडलक्षित समय भएकाले उपभोग्य वस्तुको मागमा पनि अतिरिक्त चाप परेको छ,' उनले भने, 'कृत्रिम मूल्यवृद्धि र अभावका गुनासो बढेका छन्। देशैभरि बजार अनुगमन तीव्र पारिएको छ।'

एलपी ग्यासको संकट झनै गम्भीर बनेको छ। पृथ्वी राजमार्गको कृष्णभीर खण्डमा पहिरो गएर सडक अवरुद्ध भएपछि ग्यास आपूर्तिमा समस्या देखिएको सरकारले जनाएको छ। वैकल्पिकरूपमा तराईका उद्योगमा सिलिण्डर रिफिल गरेर काठमाडौं ल्याउने व्यवस्था मिलाइए पनि त्यसलाई कारण देखाउँदै ग्यास उद्योगीले प्रतिसिलिण्डर १०५ रूपैयाँ ३८ पैसा अतिरिक्त ढुवानी शुल्क लिने बताइए पनि अधिकांश ग्यास बिक्रेताहरूले दुई हजार ५०० सम्म लिइरहेका छन्।उपभोक्ता अधिकारीकर्मी खनालले सरकार व्यवसायीको मनोमानीको साक्षीमात्र बनेको आरोप लगाइन्।

क्रमशः पृष्ठ २ मा

# विशेष महाधिवेशन 'कोल्याप्स' गर्ने देउवाको रणनीति

## शेखर कोइराला र पूर्णबहादुर खड्कामार्फत गगनको नाडी छाम्दै

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवाले विशेष महाधिवेशन 'कोल्याप्स' गर्ने रणनीति बनाएका छन्। यसका लागि देउवाले पूर्वउपसभाति पूर्णबहादुर खड्का र डा. शेखर कोइरालालाई दूतका रूपमा परिचालन गरेका छन्।

देउवाको नेतृत्वमै १५औं महाधिवेशन हुनुपर्ने भन्दै शेखरले गगनलाई पछिल्लो महिना दुईपटक भेटिसकेका छन्। भेटमा शेखरले गगनलाई अघि सारेको सूत्र हो- देउवाको ग्रेसफूल एक्जिट।

दुई कार्यकाल पूरा गरेर अन्तिम समयमा जेन-जीको कुटाइ खाएका देउवाले सम्मानजनक बिदाइ पाउनुपर्ने शेखरको बटमलाइन हो। पछिल्लोपटक कांग्रेस एकताका लागि लागिपरेको शेखर भन्छन्, 'शेरबहादुर देउवाविनाको एकताको अर्थ हुँदैन। उहाँको ग्रेसफुल एक्जिट कसरी सम्भव हुन्छ ? त्यहीअनुसार सहमति खोजौं।'

क्रमशः पृष्ठ २ मा

### गगनको गुनासो

## देउवालाई भेट्न पाइनँ



कांग्रेस केन्द्रीय सम्पादन समितिको बैठकमा कांग्रेस नेताहरूले एकताका लागि दबाब दिएका छन्। सभापति गगन थापाले भने आफूले देउवासँग भेट्न चारपटक समय मागे पनि नपाएको गुनासो गरेका छन्। 'म सबै पार्टीलाई मिलाएर अगाडि बढ्नुपर्छ भन्ने पक्षमा छु। त्यसका लागि मैले निवर्तमान सभापतिसँग भेटेर कुरा गर्न चाहेको छु। तर समय पाएको छैन,' सभापति थापाले केन्द्रीय समितिमा भनेका थिए।

सभापति थापाले भदौ ५ गते शुक्रबार देउवाका स्वकीय सचिव भानु देउवालाई टेलिफोन गरेर भेट्नका लागि समय मागेका थिए। तर थापाले भेट्नका लागि आफूले समय नै नपाएको 'ब्रिफिङ' गरेको एक पदाधिकारीले जानकारी दिए।

## लोकतान्त्रिक एसोसिएसनका अध्यक्ष गैरे निलम्बित



**काठमाडौं (प्रस)–** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको आकस्मिक बैठकले संस्थाका अध्यक्ष रामप्रसाद गैरेलाई निलम्बन गरेको छ। मलेसिया रोजगारीमा एकाधिकार लगाउन संलग्न भनिएका २५ वटा म्यानपावरले तयार पारेको २५० म्यानपावरको सूचीमा गैरेको पनि म्यानपावर परेपछि उनलाई अध्यक्ष पदबाट निलम्बन गरिएको एसोसिएसनका महासचिव सुमनराज पाण्डेले बताए।

गैरेको संस्था एमकन ओभरसिज प्रालिको नाम समावेश भएकाले एसोसिएसनको विधानबमोजिम कार्यवाहकलाई जिम्मेवारी दिएको पत्र गैरेले बुझाएका छन्। गैरेले यो विषयबाट निर्दोष साबित नहुँदासम्म प्रथम उपाध्यक्ष सुवर्ण लामा कार्यवाहक अध्यक्ष हुने जनाइएको छ। उक्त बैठकबाट मलेसियाको फरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (एफडब्ल्युसिएमएस) मा सूचीकृत भएका एसोसिएसनमा आबद्ध नौ वटा म्यानपावरलाई पनि साधारण सदस्यसमेत नरहनेगरी निष्कासन गर्ने निर्णय भएको जनाइएको छ।

क्रमशः पृष्ठ २ मा


## नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुक मलेसियामा रहेको **FWCMS** मा नेपालका २५ वटा इजाजतपत्रवाला संस्थाहरूलाई **Main–Agency** बनाई सिन्डीकेट लगाउनको लागी प्रकासित भएका नामहरूको सम्बन्धमा विभिन्न मिति र विभिन्न चरणमा निरन्तर रूपमा खबरदारी, छलफल, अन्तरक्रिया तथा विरोधका कार्यक्रमहरु सञ्चालन गर्दै आएको कुरा सम्बन्धित सबैमा जानकारी नै छ । २५ जना व्यवसायीहरु मध्ये लोकतान्त्रिक एशोसिएसनमा आवद्ध रहेका ९ जना व्यवसायीहरूलाई एशोसिसनको साधारण सदस्य समेत नरहने गरी निष्कासित गरीसकेको छ । आज फेरी थप २३०वटा संस्थाहरूलाई **Sub -Agency** का रूपमा सार्वजनिक भएको विषयमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ र एशोसिएसनमा आवद्ध व्यवसायीहरूलाई २४ घन्टे स्पष्टीकरण समेत सोधिएको र अध्यक्ष राम प्रसाद गैरे ज्यूको संस्थाको नाम समेत आएको हुँदा उहाँले हालको लागी कार्यवाहक अध्यक्षको जिम्मेवारी दिएको अवस्था रहेको छ ।

यस विषयमा वैदेशिक रोजगार व्यवसायको स्वतन्त्रता, समान अवसर, व्यवसायीहरूको नैसर्गिक अधिकार तथा प्रतिस्पर्धात्मक वातावरण कायम गर्न एसोसिएसनले प्रारम्भदेखि नै स्पष्ट र दृढ धारणा राख्दै आएको छ । उक्त विषयले समग्र वैदेशिक रोजगार व्यवसायीहरूको पेशागत स्वतन्त्रता, समान अवसर तथा व्यवसाय सञ्चालन गर्ने अधिकार माथि गम्भीर प्रश्न खडा गरेको छ । उक्त २३० वटा संस्थाहरु के-कस्तो प्रक्रिया, आधार तथा कारणबाट सहायक संस्थाका रूपमा कुन माध्यम वा व्यक्ति मार्फत **FWCMS** प्रणालीमा समावेश हुन पुगेका हुन भन्ने विषयमा कुनै निश्चित व्यक्ति वा समूहलाई मात्र लाभ पुग्ने गरी सिन्डिकेट कायम गर्ने, अन्य व्यवसायीहरूलाई व्यवसायबाट विस्थापित गर्ने वा वैदेशिक रोजगारीका अवसरलाई सीमित व्यवसायीहरूको नियन्त्रणमा केन्द्रित गर्ने कुनै पनि प्रयास लोकतान्त्रिक एशोसिएसनका लागि कदापी स्वीकार्य हुन सक्दैन । यस विषयमा तपाईंको नाम उक्त सूचीमा कसरी समावेश भयो, उक्त कार्यमा तपाईंको संलग्नता वा सहमति रहेको र नरहेको तथा यस सम्बन्धमा तपाईंको स्पष्ट धारणा के हो भन्ने विषयमा यो पत्र प्राप्त भएको मितिले २४ घन्टा भित्र लिखित स्पष्टीकरण पेश गर्नुहुन अनुरोध गर्दछौं ।

तोकिएको समयभित्र स्पष्टीकरण प्राप्त नभएमा वा प्राप्त स्पष्टीकरण चित्तबुझ्दो नभएमा एशोसिएसनको विधान तथा नेपाल सरकारको प्रचलित कानुनी व्यवस्था बमोजिम आवश्यक निर्णय प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**सुवर्ण लामा**
कार्यवाहक अध्यक्ष

**सुमन राज पाण्डे**
महासचिव

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँ बानेश्वर, काठमाडौं



## विज्ञप्ति

वैदेशिक रोजगारको प्रमुख गन्तव्य मुलुक मलेसियामा रहेको **Foreign Workers Centralize Management System** मा **नेपालका २५ वटा इजाजतपत्रवाला संस्थालाई 'मुख्य संस्था' तथा थप २३० वटा इजाजतपत्रवाला संस्थालाई तिनको 'सहायक संस्था'** का रूपमा समावेश गरी सूची सार्वजनिक गरिएको विषयप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ। वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि नेपाल सरकारबाट इजाजतपत्र प्राप्त सबै संस्थाको कानुनी हैसियत समान रहेको अवस्थामा केही संस्थालाई मुख्य र बाँकीलाई तिनको अधीनस्थ संरचनामा राख्ने यस्तो व्यवस्था कुन कानुनी आधार, मापदण्ड र प्रक्रियाबाट निर्माण गरियो भन्ने विषय गम्भीर र नेपाल सरकारले तत्काल कूटनीतिक जवाफ माग्नुपर्ने विषय बनेको छ। नेपालको संबिधान, प्रचलित कानून, वैदेशिक रोजगार ऐन, २०६४ को मर्म तथा समान अवसर र स्वस्थ प्रतिस्पर्धाको सिद्धान्तविपरीत कुनै पनि संस्था वा समूहलाई विशेषाधिकार प्रदान गर्ने व्यवस्था संघलाई स्वीकार्य छैन।

वैदेशिक रोजगार व्यवसाय कुनै सीमित व्यक्ति, संस्था वा समूहको नियन्त्रणमा सञ्चालन हुने क्षेत्र हैन र हुनु पनि हुँदैन। समान हैसियत भएका इजाजतपत्रवाला संस्थालाई मुख्य र सहायकको तहमा विभाजन गरी एक व्यवसायीलाई अर्को व्यवसायीको अधीनस्थ बनाउने र व्यवसायीको ठूलो समूह लाई बाहिर राख्ने संरचनाले स्वतन्त्र व्यवसायिक अधिकार, समान प्रतिस्पर्धा र बजारमा समान पहुँचमाथि प्रत्यक्ष प्रहार गर्दछ। यस्तो संरचनाको आडमा सीमित संस्थामार्फत मलेसियाको रोजगार बजार नियन्त्रण गर्ने, अन्य व्यवसायीको पहुँच सीमित गर्ने वा प्रत्यक्ष अथवा अप्रत्यक्ष रूपमा एकाधिकार र सिन्डिकेट स्थापित गर्ने कुनै पनि प्रयासलाई संघ दृढतापूर्वक अस्वीकार र प्रतिरोध गर्दछ। साथै, उक्त संरचना निर्माण तथा कार्यान्वयनमा नेपालबाट कुनै व्यक्ति, संस्था वा व्यवसायीको प्रत्यक्ष वा अप्रत्यक्ष पहल, समन्वय, सहजीकरण, सहमति वा अन्य कुनै भूमिका रहेको भए त्यसको निष्पक्ष र गम्भीर छानबिन गरी दोषी देखिने पक्षमाथि प्रचलित कानून तथा संघको विधान र आचारसंहिताबमोजिम आवश्यक कारबाही हुनुपर्ने संघको स्पष्ट धारणा रहेको छ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ नेपाल सरकार तथा सम्बन्धित निकायसमक्ष **FWCMS** मा २५ वटा संस्थालाई मुख्य, २३० वटा संस्थालाई सहायक र व्यवसायीको ठूलो समुहलाई बाहिर राख्ने व्यवस्थाको कानुनी आधार, छनोट प्रक्रिया र मापदण्ड तत्काल सार्वजनिक गर्न तथा व्यवसायीबीच असमान हैसियत सिर्जना गर्ने उक्त संरचनालाई तत्काल खारेज वा पुनरावलोकन गरी सबै इजाजतपत्रवाला संस्थाका लागि समान अधिकार, समान पहुँच र स्वतन्त्र प्रतिस्पर्धाको वातावरण सुनिश्चित गर्न नेपाल सरकारलाई कुशल कुटनैतिक प्रयास गर्न जोडदार माग गर्दछ , साथै यस विषयमा नेपाल सरकारले तत्काल प्रभावकारी हस्तक्षेप नगरेमा संघ वैदेशिक रोजगार व्यवसायीहरूको अधिकार र व्यवसायिक स्वतन्त्रताको संरक्षणका लागि आवश्यक कानुनी, प्रशासनिक तथा अन्य कडा र निर्णायक र निर्मम संस्थागत कदम चाल्न बाध्य हुने स्पष्ट गर्दछ।

**हिरा बहादुर डाँगी (हरि)**
महासचिव

**डिक बहादुर खत्री (कुमार)**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८

# 'बाढीबाट प्रभावित क्षेत्रलाई जोड्ने काम भइरहेको छ'

■ प्रभाव संवाददाता



**भक्तपुर–** बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले रसुवाको भोटेकोशी हुँदै गएको बाढीबाट प्रभावित क्षेत्रलाई जोड्न तुइन, बेलिब्रिज र झोलुंगे पुल निर्माण गरिएको बताएका छन् ।

विपद्पछि प्रभावित क्षेत्रमा बागमती प्रदेश सरकारको उपस्थितिबारे जानकारी दिन मंगलबार भक्तपुरको जगातीमा आयोजित पत्रकार साक्षात्कारमा उनले नदी वारपार गर्न एवं खाद्यान्न र औषधि लैजान प्रदेश सरकारले तुइन जडान गरेको बताए । उनले संघ र प्रदेश सरकारले बेलिब्रिज निर्माण सुरु गरेको र प्रदेश सरकारले झोलुंगे पुल निर्माणका लागि प्रारम्भिक कार्य सुरु गरिसकेको जानकारी दिए ।

कृष्णभीरमा गएको पहिरोपछि वैकल्पिक सडकका रूपमा प्रदेश सरकारले भीमफेदी-कोगटे-ईपा-सिस्नेरी सडक खण्ड मंगलबारदेखि सञ्चालनमा ल्याएको बताउँदै उनले हेटौंडा-काठमाडौं सडकमा पनि पहिरो जाने क्षेत्रमा डोजरले पहिरो पन्छाउने र जाम खुलाउने काम भइरहेको बताए ।

यही भदौ १० गते रसुवामा बाढी गएलगत्तै प्रदेश सरकारले स्थानीय र संघीय सरकारसँगको समन्वयमा उद्धार तथा राहतलाई पहिलो प्राथमिकता दिएर काम गरिरहेको मुख्यमन्त्री थापा मगरको भनाइ छ । उनका अनुसार विपद्का कारण बागमती प्रदेशका रसुवा, नुवाकोट, धादिङ र चितवन जिल्लाका १५ वटा स्थानीय तह प्रभावित भई ठूलो मानवीय तथा भौतिक क्षति भएको छ । रसुवाका गोसाइँकुण्ड, आमाछोदिङ्मो, कालिका र उत्तरगया गाउँपालिका बाढीबाट बढी प्रभावित भएको छ । तीमध्ये गोसाइँकुण्ड र उत्तरगयामा स्वास्थ्य चौकी, अस्पताल, पालिका भवनका साथै जनप्रतिनिधि तथा सर्वसाधारण ज्यान जानेगरी ठूलो क्षति भएको उनको भनाइ छ ।

नुवाकोटका विदुर नगरपालिका, बेलकोटगढी, किस्पाङ र तारकेश्वर तथा धादिङका गल्छी, सिद्धलेक, गजुरी र बेनिघाट रोराङ गाउँपालिकामा पनि क्षति पुगेको जानकारी दिँदै मुख्यमन्त्री थापा मगरले बाढीपहिरोका कारण सात हजारभन्दा बढी मानिस प्रभावित भएको बताए ।

अन्य कुनै अप्रिय घट्ना नहोस् भनेर अहिले बाढी प्रभावित क्षेत्रमा १६ जना मनोपरामर्शदाता परिचालन गरेको र आवश्यकताअनुसार महामारी फैलिन नदिन औषधि पुऱ्याउने काम भएको उनले जानकारी दिए । घरबारविहीन भएका र आफन्त गुमाएका पीडितहरूका लागि तत्काल चार वटा सेल्टर (अस्थायी बासस्थान) निर्माण गरी गाँस र बासको व्यवस्था गरिएको बताउँदै अहिले राहतको अभाव नभएको र प्रदेश सरकारले वैकल्पिक सडक खुलाउने कार्य गरिरहेको उनले बताए ।

# १३ हजार ३९६ जनाको उद्धार, पाँच हजार ३२६ जना अझै सम्पर्कविहीन

■ प्रभाव संवाददाता

**काठमाडौं–** रसुवास्थित भोटेकोशी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीपछि प्रभावित क्षेत्रमा सञ्चालन गरिएको खोज तथा उद्धार अभियानबाट हालसम्म १३ हजार ३९६ जनाको उद्धार गरिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार उद्धार गरिएकामध्ये तीन हजार ५३३ रसुवा, नुवाकोट र धादिङका ३९ वटा होल्डिङ सेन्टरमा सुरक्षितरूपमा आश्रय लिइरहेका छन् । बाढीपछि हालसम्म एक हजार ३५७ जनाको शव फेला परेको उनले जानकारी दिए ।

तीमध्ये ९८ जनाको सनाखत गरी शव आफन्तलाई बुझाइएको प्रवक्ता महतले जानकारी दिए । अझै पाँच हजार ३२६ जना सम्पर्कविहीन रहेका प्राधिकरणले जनाएको छ । प्रवक्ता महतका अनुसार सम्पर्कविहीन हुनेमध्ये सबैभन्दा बढी रसुवाबाट दुई हजार ८६० र नुवाकोटबाट एक हजार ९८१ जना छन् । बाँकी नेपाली नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, विभिन्न निकायका सरकारी कर्मचारी तथा अन्य जिल्लाका नागरिक रहेका उनले बताए ।

बाढीपछि घाइते तथा प्रभावित गरी हालसम्म छ हजार ८२७ जनाले प्राथमिक उपचार सेवा लिएका छन् । प्राधिकरणका अनुसार विभिन्न १० अस्पतालमा ३२७ जनाको उपचार गरिएकामा २४२ जना उपचारपछि डिस्चार्ज भएका छन् । नेपाली सेनाबाट तीन हजार ४०४ जना र सशस्त्र प्रहरीबाट तीन हजार ९६ जनाले स्वास्थ्य उपचार सेवा लिएका छन् ।

बाढीका कारण विस्थापित तथा प्रभावित नागरिकलाई सुरक्षित स्थानमा राख्नुका साथै उनीहरूको आधारभूत आवश्यकता पूरा गर्न राज्यका विभिन्न निकायले राहत तथा व्यवस्थापनको कामलाई निरन्तरता दिएका छन् ।

भोटेकोशी नदीमा आएको बाढीले एकैपटक ठूलो मानवीय तथा भौतिक क्षति पुऱ्याएपछि नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय तह तथा विभिन्न सरकारी र गैरसरकारी निकाय खोजी, उद्धार, उपचार तथा राहत व्यवस्थापनमा सक्रिय छन् ।

प्राधिकरणका अनुसार सम्पर्कविहीन नागरिकको खोजी तथा उद्धार कार्यलाई थप तीव्र बनाइएको छ । प्रभावित क्षेत्रमा उद्धार, राहत तथा पुनःस्थापनाका कामलाई समन्वयात्मकरूपमा अघि बढाइएको प्राधिकरणले जनाएको छ ।

पृष्ठ १ बाट क्रमशः

## विपद्मा बढ्यो...

'सरकारले तोकेको मूल्यविरुद्ध व्यवसायीले अतिरिक्त शुल्क लिँदा सरकार मौन बस्नु भनेको हाकाहाकी अपराध हो,' उनी भन्छिन् । उसो त सरकारले आवश्यकताभन्दा बढी ग्यास नेपाल भित्रिरहेको दाबी गर्दै आएको छ । तर, बजारमा अभाव छ । यद्यपि, बढी पैसा तिर्न तयार उपभोक्ताले सहजै ग्यास पाउने गरेको देखिएको छ । यसलाई लिएर उपभोक्ता अधिकारकर्मीहरूले प्रश्न उठाएका छन् ।

बजारको बेथिति बढ्दै जाँदा प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य तथा श्रम तथा उपभोक्ता हित समितिले पनि सरकारसँग जवाफ माग्ने तयारी गरेको छ । समिति सभापति रहबर अन्सारीले बजार व्यवस्थापन र अनुगमन चुस्त बनाउन यसअघि नै निर्देशन दिइएको भन्दै अहिलेको अवस्थाबारे मन्त्री र सरोकारवालासँग छलफल गरिने बताए ।

'यो महँगी थेग्न नसक्नेगरी भएको छ । यसबारे सरकार र सरोकारवालासँग छलफल गर्छौं अब,' उनले भने । विपद्को क्षतिबाट उठ्न संघर्ष गरिरहेका नागरिकका लागि अहिले महँगी अर्को विपत्ति बनेको छ। बजारमा मूल्य नियन्त्रण हुन नसक्दा र अत्यावश्यक वस्तुको आपूर्ति सहज नहुँदा उपभोक्ताको एउटै प्रश्न छ- महँगी बढ्दा सरकार अनुगमनको दाबीमात्रै गर्ने कि बजारको मनोमानी रोक्न प्रभावकारीरूपमा हस्तक्षेप पनि गर्ने ?

■ ■ ■

## विशेष...

देउवाको सम्मानजनक बिदाइका लागि १५औं महाधिवेशन उनकै नेतृत्वमा हुनुपर्छ । यो भनेको १४औं महाधिवेशनले निरन्तरता पाउनु हो । यसले पुसमा भएको विशेष महाधिवेशन अमान्य हुन्छ । संस्थापनइतरले अघि सारेको सम्पूर्ण माग पूरा गर्न गगन तयार भए पनि दुई मागमा भने पछि नहट्ने देखिएका छन् । देउवाको नेतृत्वमा १५औं महाविधेशन र १४औं महाधिवेशनका १११ जना पदाधिकारी र केन्द्रीय सदस्य गगन नेतृत्वको कांग्रेस कार्यसमितिमा अटाउनुपर्ने । यी दुई माग थाती राखेर क्रियाशील अद्यावधिक नगरेकालाई पनि महाधिवेशनमा सहभागी गराउने निर्णय कांग्रेसले गरिसकेको छ ।

गगनले १५औं महाधिवेशनका लागि असोज १६ बाट महाधिवेशन गर्ने गरी अन्तिम कार्यतालिका सार्वजनिक गरिसकेका छन् । गगन नेतृत्वको कांग्रेसले सार्वजनिक गरेको कार्यतालिका हेर्दा असोज १६ गते महाधिवेशन हुने छाँट भने देखिएको छैन । किनभने आज भदौ २४ बाट सुरु हुने भनिएको वडा अधिवेशन असोज ३ लाई धकेलेको छ। कांग्रेस निर्वाचन समितिका संयोजक प्रेमबहादुर खड्काले मंगलबार विज्ञप्ति जारी गर्दै वडा अधिवेशन सरेको बताएका हुन् । दुई दिन हुने वडा अधिवेशनमा रसुवा, नुवाकोट र धादिङलाई भने छुट दिएको छ ।

रसुवाको भोटेकोशीमा आएको बाढीका कारण तीन जिल्लामा अधिवेशन गर्न नसकिने सभापति थापाले यसअघि नै बताइसकेका छन् । 'बाढीप्रभावित रसुवा, नुवाकोट र धादिङ जिल्लाको हकमा तोकिएको निर्वाचन अधिकृत र पार्टीको स्थानीय तहसँगको समन्वयमा अधिवेशन सम्पन्न गने कार्यतालिका बनेको छ,' निर्वाचन संयोजक खड्काले भने ।

बाढीदेखि विभिन्न अवरोध रहेको अवस्थामा कांग्रेसले असोज पहिलो हप्ताबाट लगालग अधिवेशन गर्न लागेको हो । असोज ७ गते गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको अधिवेशन हुने छ भने असोज १० गते प्रदेशसभा क्षेत्रीय अधिवेशन, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन सम्पन्न हुने कार्यतालिका रहेको संयोजक खड्काले जानकारी दिए । केन्द्रीय महाधिवेशन भने असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा हुने छ । यो सूचीमा जिल्ला र प्रदेशका अधिवेशनको समय भने तोकिएको छैन ।

कांग्रेसले महाधिवेशनका लागि हल बुकसमेत गरेको छ । कांग्रेसले राष्ट्रिय सभागृहलाई छ दिनसम्म प्रदर्शनी हल, लबी, पार्किङस्थल र बगैंचा उपलब्ध गराइदिन मंगलबार पत्र लेखेको छ। कांग्रेसको महाधिवेशन असोज १६ देखि १९ गतेसम्मका लागि तय भएकामा १५ देखि २० गतेसम्मका लागि हल बुक गर्न लागिएको हो । यो पत्र देख्दा पनि गगनले असोजमा महाधिवेशन नगर्ने कांग्रेसकै पदाधिकारीहरू बताउँछन् । गगनको महाधिवेशन असफल बनाउन पूर्णबहादुर खड्का कसेर लागेको बताइएको छ। आफू कार्यवाहक सभापति हुँदा गगनले असफल पारेको इख खड्कासँग देखिएको छ । खड्काले आफ्नो कार्यकाल गगनले नै असफल पारेको भन्दै निकट नेताहरूसँग दुःख पोख्ने गरेका छन् ।

■ ■ ■

## इजरायलमा...

अंग्रेजी भाषा परीक्षा दिनुपर्ने आवेदकको हकमा 'क्यामब्रिज अपस्किल टेस्ट' अपग्रेड भइरहेकाले आउँदो असोज ६ गतेबाट परीक्षा दिन सक्ने जनाइएको छ। सूचनाअनुसार विगतमा इजरायल गएकाहरूले आवेदन दिन पाउने छैनन् ।

इजरायलमा खुल्यो गत आर्थिक वर्ष २०८३/८४ मा एक हजार ९० जना जिटुजीमार्फत इजरायल गएका थिए । यसरी जाने कामदारको करार अवधि सुरुमा एक वर्षको हुने छ । रोजगारदाताले आवश्यकताअनुसार अधिकतम पाँच वर्षसम्मका लागि करार थप गर्न सक्ने जनाइएको छ ।

सहायक कामदारले सातामा ४२ घण्टा काम गर्नुपर्ने छ । यसबापत मासिक छ हजार ४४३.८५ इजरायली न्यु सेकेल अर्थात् झण्डै साढे तीन लाख नेपाली रूपैयाँबराबर तलब पाउने छन् । यसबाहेक ओभरटाइम र वार्षिक बिदा पनि पाइने छ । खाना र आवासको खर्च भने कामदारले नै व्यहोर्नुपर्ने जनाइएको छ । छनोट प्रक्रियाका विभिन्न चरणमा लाग्ने शुल्क पनि आवेदक स्वयंले तिर्नुपर्ने छ ।

■ ■ ■

## लोकतान्त्रिक...

निष्कासित हुनेमा फ्रन्टलाइन रिक्रुटमेन्ट प्रालि, खोजी रेक्रुटमेन्ट सर्भिसेज प्रालि, डि स्क्वायर्ड ग्रुप, अल हायात सिस्टम प्रालि, एएनएस एसोसिएट्स प्रालि, संयोग ओभरसिज प्रालि, एक्सेस पार्टनर प्रालि, अल स्किल्स इन्टेरनेसनल ह्युमन रिसोर्सेस, मोन्टाज ओभरसिज प्रालि रहेका छन् । त्यसैगरी २५ म्यानपावरले बनाएको सूचीमा आबद्ध लोकतान्त्रिक एसोसिएसनका सदस्यहरूलाई पनि २४ घण्टे स्पष्टीकरण सोध्ने निर्णय भएको महासचिव पाण्डेले जानकारी दिए ।


### प्राइम इन्कर्पोरेट कम्पनी प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७७/०९/२९ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **प्राइम इन्कर्पोरेट कम्पनी प्रा.लि. (प्रा.लि.नं. २५२८०५/०७७/०७८)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०५/२२ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर सन्तोष राना मगर**
**ईजाजत नं.१६५ मो.नं.९८४१५२७४२२, ९८१३२४४६५५**



### प्राइम क्राफ्ट्स नेपाल प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/०८/०१ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **प्राइम क्राफ्ट्स नेपाल प्रा.लि. (प्रा.लि.नं. २७७२१५/०७८/०७९)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०५/२२ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर सन्तोष राना मगर**
**ईजाजत नं.१६५ मो.नं.९८४१५२७४२२, ९८१३२४४६५५**



### एभरेष्ट हिमाल इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हकदाबी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/०९/१२ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **एभरेष्ट हिमाल इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. (प्रा.लि.नं. २८०६८०/०७८/०७९)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी एन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०५/२२ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने श्रृण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस लिक्वीडेटरको कार्यालय प्यूरालिष्ट लिगत क्लिनिक अनामनगरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**लिक्वीडेटर सन्तोष राना मगर**
**ईजाजत नं.१६५ मो.नं.९८४१५२७४२२, ९८१३२४४६५५**



### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*तेस्रो पटक प्रकाशित मिति - २०८३।०५।२४*

श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।१६ गतेको निर्णयानुसार एयरपोर्ट जिम एन्ड फिटनेस प्रा.लि. (प्रा.लि.नं ३९७९२६) को नाममा रहेको सम्पुर्ण चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरि यस कम्पनीको नाम परिवर्तन गरि अक्वा वाइ एयरपोर्ट होटेल प्रा.लि. कायम भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



### शैक्षिक प्रमाणपत्र हराएको सूचना !!

यही भदौ १८ गते धुम्बराहीबाट सुकेधारा जानेक्रममा मेरो व्यवस्थापन संकायतर्फ स्नातक तह रजिस्ट्रेशन नम्बर 7-2-361-89-2006(TU) को शैक्षिक प्रमाणपत्र हराएकोले भेट् नुहुने महानुभावले 9802916408 मा खबर गरिदिनु हुन सबिनय अनुरोध गर्दछु ।

**बबिन खरेल**
**लाजिम्पाट, काठमाडौं**



### पेटोनिक्स इन्टरप्राइजेज प्रा.लि., प्रा.लि. खारेजी (लिक्विडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३-०४-२६ मा दर्ता भएको प्रा.लि.नं. १५३६८१/०७३/०७४ को पेटोनिक्स इन्टरप्राइजेज प्रा.लि. लाई खारेजी (लिक्विडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०४/१२ गतेको विशेष सधारणसभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एव कोहि कसैको कुनै किसिमको लेनदेन, बाँकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर, बिनोद कुमार, प्र.प.नं. ५९३, मो.नं. ९८५१०६४६२०**



### युएइमा रोजगार

कम्पनी : AL MUSTAWA AL RAFEEA

पूर्व स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 347658 | चलानी नं. ६०२६०८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A Cleaner | 6 | 0 | 1000 | ४१,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | A Cleaner Windows | 5 | 0 | 1000 | ४१,१३२ | | | | | | | |
| 3 | Building Cleaner (Outside) | 3 | 0 | 1000 | ४१,१३२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Real Radiantal International Pvt Ltd**
Dhapasi-4, Kathmandu, Nepal. Tel : +977 1 4528218 (Reception) +977 1 4517859 (Documents)
E-mail : realradiantal@gmail.com, Website : www.realradiantal.com.np
श्रम इजाजत नं. ९९०/०६७/०६८



### नेपाल विद्युत प्राधिकरण
प्रसारण निर्देशनालय
केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल

**सिंहदरबार-मैतीदेवी-चावहिल १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाईन आयोजना ४.७३ कि.मि. डबल सर्किट को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सूचना**

**(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम (४) सँग सम्बन्धित)**
**(प्रकाशित मितिः २०८३/०५/२४ गते)**

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं. ९७७-०१-६६१८१७०, ईमेल nea_ptl@nea.org.np |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित सिंहदरबार-मैतीदेवी-चावहिल १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाईन आयोजना काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं.२९ मा रहेको सिंहदरबार सबस्टेसन देखि सुरू भई वडा नं.१० र ९ हुँदै वडा नं.७ मा अवस्थित चावहिल सबस्टेसनसम्म जानेछ । आयोजनाको भूमिगत प्रसारण लाइन मा ९ वटा जोइन्ट पिटहरु निर्माण गरिनेछ । यस प्रसारण लाइनको कन्डक्टरको आकार ८०० वर्ग मिमि XLPE, भोल्टेज स्थर १३२ के.भी. (डबल सर्किट) हुनेछ । यस प्रसारण लाइनको भारवहन क्षमता ३०० मेगावाट रहेको छ । |
| **प्रभाव पर्ने प्रदेश/ जिल्ला/न.पा./वडा नं.** | बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २९, १०, ९ र ७ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्ने भएकोले स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरूलाई उक्त प्रस्तावको कार्यान्वयनबाट सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ र सो बाट पर्ने नकारात्मक प्रभावको निराकरण र सकारात्मक प्रभावको बढोत्तरी गर्न के गर्न सकिन्छ भन्ने लगायतका विषयमा निम्न मिति, समय र स्थानमा आयोजना गरिने सार्वजनिक सुनुवाईमा उपस्थित भई आ-आफ्नो राय सुझाव उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम हुने मिति, समय र स्थान**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८३/०५/३० गते, मंगलबार | दिउँसो १:०० बजे | काठमाडौं महानगरपालिका वडा नं.७ को सभाहल, मित्र पार्क, काठमाडौं |

**आयोजकः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं. ९७७-०१-६६१८१७०, ईमेल : nea_ptl@nea.org.np | वापकोस लिमिटेड<br>७६-सी, सेक्टर-१८, गुरागाउँ-१२२०१५, हरीयाना, भारत (स्थानीय कार्यालय बालकुमारी, ललितपुर, नेपाल)<br>इमेल : electrical@wapcos.co.in |



### कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Bigyan HR Management Pvt. Ltd.** (ई.प.नं. १५०३/०७४/७५) मा कार्यरत **राकेश शर्मा** (राष्ट्रिय परिचय पत्र नं.१६२०२४-२०६) र **गोविन्द स्याङतान** (परिचय पत्र नं.१२०२९४) ले आ-आफ्नो व्यक्तिगत काम विशेषका कारण देखाउँदै राजीनामा दिइसक्नु भएकोले मिति २०८३/०५/२४ गतेदेखि लागू हुनेगरी यस कार्यालयबाट निजद्वय कर्मचारीहरू हटाइएको हुँदा निज व्यक्तिहरूमार्फत् यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निज व्यक्तिहरूसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Govt. License 1503/074/75
**Bigyan HR Management Pvt. Ltd.**
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477



### १७औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०८३/०५/२४)**

यस **शुभप्रवा बचत तथा ऋण सहकारी संस्था लि.**को मिति २०८३ भदौ ११ गते बसेको संचालक समितिको १५५ औं बैठकको निर्णयानुसार यस संस्था लि.को १७ औं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित प्रस्तावहरूमा छलफल गर्ने गरी निम्न मिति, समय र स्थानमा बस्ने भएकोले संस्थाका सम्पूर्ण सदस्यहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**छलफलका लागि प्रस्तावहरू :**

१. सञ्चालक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८२/०८३ को वार्षिक लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आ.व. २०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन माथि छलफल पारित गर्ने सम्बन्धमा ।
४. आ.व २०८२/०८३ मा संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
५. आ.व. २०८३/०८४ को लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. बिनियम संशोधन गर्ने सम्बन्धमा ।
७. आन्तरिक कार्यविधि पारित तथा संशोधन गर्ने सम्बन्धमा ।
८. शेयर लाभांस तथा संरक्षित पूँजी फिर्ता कोष बितरण सम्बन्धमा ।
९. संस्थाको नाममा रहेको गैह बित्तिय सम्पत्ति बिक्री गर्ने सम्बन्धमा ।
१०. साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरणका लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
११. विविध ।

**साधारण सभा कार्यक्रम**
**मितिः २०८३ साल असोज २५ गते आईतबार**
**स्थानः नवदुर्गा पार्टी भेन्यू, सुकेधारा, काठमाडौं**
**समयः दिनको १:३० बजे**

**संचालक समितिको आज्ञाले**
**तेज नारायण श्रेष्ठ**
**सचिव**

**शुभप्रवा बचत तथा ऋण सहकारी संस्था लि.**
मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं ४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र न्युरोड काठमाडौं



### प्रभु ऊर्जा कृषि पर्यटन विकास लिमिटेड को वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति भाद्र २४, २०८३, बुधबार ।**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भाद्र १७, २०८३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफैं उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरि पठाई भाग लिनु हुन सम्पूर्ण शेयरधनी महानुभावज्यूहरूलाई अनुरोध गर्दछौं ।

**तपसिल**
**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
मिति : आश्विन ११, २०८३ ।
समय : बिहान ७:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ३२, काठमाडौं ।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरू :**
(क) साधारण प्रस्तावहरु :
१. सञ्चालक समितको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. कम्पनीको सञ्चालक समितिबाट भए गरेका कार्यहरु अनुमोदन सम्बन्धमा ।
(ख) विशेष प्रस्तावहरु :
१. यस कम्पनीको प्रबन्धपत्रको दफा ४ र १२ र नियमावलीको नियम १८ र ३४ संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा नियमक निकायबाट हुने निर्देशन बमोजिम आवश्यक थपघट तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
(ग) विविध ।

**नोट :**
१) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**कम्पनी सचिव**
PRABHU URJA KRISHI PARYATAN BIKAS LIMITED
**प्रभु ऊर्जा कृषि पर्यटन विकास लिमिटेड**
**का.जि.का.म.न.पा.वडा नं.-३२, काठमाडौं ।**
फो.नं.०१-५९१६३३८/०१-५९१७३३८
www.prabhuurja.com

# नेपालमा हिमनदी भत्किनुअघि देखिएको थियो असाधारण तापक्रमः अनुसन्धानकर्ता

**पेरिस–** भदौ १० मा नेपाल र चीनमा घातक बाढी निम्त्याएको हिमाली क्षेत्रमा हिमनदी भत्किनुअघि असाधारण रूपमा उच्च तापक्रम देखिएको मौसमसम्बन्धी तथ्यांकको एक विश्लेषणले देखाएको छ ।

अनुसन्धानकर्ताका अनुसार भदौ ५ देखि १० सम्म करिब पाँच हजार २०० मिटर उचाइमा रहेको हिमाली क्षेत्रमा औसत तापक्रम झण्डै पाँच डिग्री सेल्सियस पुगेको अनुमान गरिएको थियो । यो तापक्रम असाधारणरूपमा उच्च मानिन्छ । ५५ वर्षभन्दा लामो मौसमसम्बन्धी तथ्यांकअनुसार यसअघि सोही अवधिमा तापक्रम कहिल्यै चार डिग्री सेल्सियसभन्दा माथि पुगेको थिएन । यद्यपि, उक्त उच्च तापक्रम र हिमनदी भत्किनुबीच प्रत्यक्ष सम्बन्ध भने अहिलेसम्म स्थापित भइसकेको छैन ।

क्यालिफोर्नियास्थित स्वतन्त्र अनुसन्धान संस्था बर्कले अर्थका प्रमुख वैज्ञानिक रोबर्ट रोहडेले विभिन्न मौसमसम्बन्धी तथ्यांकको विश्लेषण गरी उक्त असाधारण तापक्रमको पुनर्निर्माण गरेका हुन् । उनका अनुसार हिमनदी भत्किएको क्षेत्रमा २०औं शताब्दीको मध्यदेखि भदौ ५-१० को अवधिमा रेकर्ड गरिएको औसत तापक्रम करिब १.८ डिग्री सेल्सियसले बढेको देखिन्छ ।

जलवायु परिवर्तनका कारण थपिएको तापक्रमलाई अलग गर्ने हो भने यस्तै तापक्रमको अवस्था केही हजार वर्षमा एक पटकमात्र हुने प्रकृतिको हुन सक्ने रोहडेले एएफपीका लागि गरेको गणनामा उल्लेख गरेका छन् । युरोपेली संघको कोपर्निकस जलवायु परिवर्तन सेवाबाट सन् १९७० यताका तथ्यांकको विश्लेषण गर्दा पनि लाङटाङ क्षेत्रमा उक्त घटना भएको समय रेकर्डमा रहेको चौथो सबैभन्दा तातो गर्मीको अवधिसँग मेल खाने देखिएको छ ।

## सम्भावित 'टिपिङ पोइन्ट'

फ्रान्सेली जलवायुविद् भ्यालेरी म्यासन-डेल्मोटेका अनुसार असाधारण गर्मीले पर्माफ्रस्ट पग्लिनुका साथै चट्टानी ढलान र हिमनदीको संयुक्त पतनलाई सम्भावितरूपमा बढावा दिएको हुन सक्छ ।

पर्माफ्रस्टले बरफको 'सिमेन्ट'जस्तै काम गर्दै चट्टानी संरचनालाई एकसाथ बाँधेर राख्छ । यसको पग्लाइले त्यस्ता संरचनालाई थप अस्थिर बनाउन सक्छ । उपग्रहबाट प्राप्त तस्बिरले पनि घटना हुनुअघिका दिनमा उल्लेखनीयरूपमा हिउँ पग्लिएको देखाएका छन् । फ्रान्सको राष्ट्रिय वैज्ञानिक अनुसन्धान केन्द्र (सिएनआरएस)का हिमनदीविद् एटिएन बर्थियरका अनुसार यसबाट उत्पन्न तरल पानी पहाडका चिरामा प्रवेश गरी पहिरो वा ढलान भत्किन सहज बनाएको हुन सक्छ ।

विज्ञले उच्च तापक्रमले हिमनदी वा पहाड भत्काउन प्रत्यक्ष रूपमा भूमिका खेलेको निष्कर्ष निकाल्न अझै हतार गर्न नहुने बताएका छन् । फ्रान्सको ग्रेनोबल आल्प्स विश्वविद्यालयकी भू-आकृतिविद् क्रिस्टन कुकले तापक्रम बढ्नु र पहाड भत्किनुलाई एउटै मान्न नमिल्ने बताए । 'यदि तापक्रमले ट्रिगरका रूपमा काम गरेको हो भने, चट्टान पतनको निर्णायक बिन्दुमा नपुगेसम्म त्यसको प्रभाव देखिन नहुन सक्छ,' उनले एएफपीलाई भने ।

अनुसन्धानकर्ताले अहिले हिमनदी भत्किनुअघिका वर्षमा पहाडमा देखिएका साना-साना गतिविधि तथा तापक्रममा आएको परिवर्तनबीचको सम्बन्धबारे अध्ययन गरिरहेका छन् । रोहडेका अनुसार, पग्लिएको पानी र पर्माफ्रस्ट पग्लिनुका कारण चट्टानको चिरा वा फ्याक्चर प्लेन आसपासको संरचना उल्लेखनीयरूपमा कमजोर भएको प्रमाणित हुनु जलवायु परिवर्तनको भूमिकाको बलियो प्रमाण हुन सक्छ ।

उनको तापक्रम विश्लेषणमा कोपर्निकस कार्यक्रमअन्तर्गतको जलवायु मोडेल तथा भत्किएको हिमनदीबाट नौदेखि १४० किलोमिटरको दूरीमा रहेका १४ वटा उच्च उचाइका मौसम केन्द्रबाट प्राप्त तथ्यांक प्रयोग गरिएको थियो । *रासस/एएफपी*

# क्यान्सरलगायत रोगको निःशुल्क परीक्षण गराउँदै कामपा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले महिलामा हुने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र स्त्रीरोगको निःशुल्क परीक्षण गराउने भएको छ ।

कामपा-२७ ले आउँदो असोज १७ गते शनिबार महिलामा हुने ती विषयको रोगको निःशुल्क स्वास्थ्य जाँच गराउन लागेको हो । उक्त वडाले निःशुल्क स्वास्थ्य शिविरका लागि निजामती कर्मचारी अस्पतालसँग सम्झौतासमेत गरिसकेको छ ।

उक्त वडाले 'वडाको अग्रसरतामा क्यान्सरमुक्त टोल, क्यान्सरमुक्त समुदाय तथा क्यान्सर मुक्त वडा' भन्ने कार्यक्रम अघि सारेको छ । उक्त कार्यक्रमलाई महानगरपालिकाले क्रमशः सबै वडामा विस्तार गर्ने सोच अघि बढाएको जानकारी दिँदै सम्झौतापछि कार्यवाहक प्रमुख सुनिता डंगोलले भनिन्, 'पछिल्लो समय महिलामा स्वास्थ्य समस्याका रूपमा रहेको क्यान्सरको लक्षण नदेखिँदै रोगको सम्भावना पहिचान गर्न खोजिरहेका छौं ।'

विभिन्न अभियान र कार्यक्रममार्फत नगरवासीलाई रोग लाग्नु अगाडि नै सतर्कता अपनाउन आग्रह गरिएको जनाउँदै उनले खासगरी सहरभित्रका वडाका स्थानीयमा रोग लाग्नु पूर्वजाँच गर्न जाने परम्परा नदेखिएकाले उनीहरूलाई टोलमै पुगेर सेवा दिने उद्देश्यले शिविर सञ्चालन गर्न लागिएको बताइन् ।

वडाध्यक्ष योगेश खड्गीले घर दैलोमै सञ्चालन हुने शिविरबाट धेरै महिलाले लाभान्वित हुने विश्वास व्यक्त गरे । अस्पतालका कार्यकारी निर्देशक डा. जितेन्द्र परियारले शिविरमा परीक्षणका क्रममा केहीलाई जटिल खालको समस्या देखिएमा अस्पतालले उपचारमा सहजीकरणका लागि सहयोग पुर्‍याउने बताए ।

उनले भने, 'प्रारम्भिक जाँचका क्रममा कुनै जटिल समस्या देखिएमा चिकित्सको सल्लाहबमोजिम थप परीक्षण आवश्यक परेमा वडाको सिफारिसमा निजामती अस्पतालमा क्यान्सर हुनु पूर्वको परिवर्तन थाहा पाउन अल्ट्रासाउण्ड र मेमोग्रामलगायतको परीक्षण गराउन सकिने छ ।' यसअघि पनि कामपाले क्यान्सर रोग परीक्षणका लागि एक महिने अवधिको शिविर सञ्चालन गरेको थियो ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०५/२४ गते**

यस कम्पनीको मिति २०८२/१०/१६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **शुक्ला गण्डकी मिडिया प्रा.लि**.को नाम परिवर्तन गरी **तिनतारा डिजिटल प्रा.लि. (दर्ता नम्बर ७८०६२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/१८ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हाईड्रो होल्डिङ्स लिमिटेड को वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति भाद्र २४, २०८३, बुधबार ।**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भाद्र १७, २०८३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफैं उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरि पठाई भाग लिनु हुन सम्पूर्ण शेयरधनी महानुभावज्यूहरूलाई अनुरोध गर्दछौं ।

**तपसिल**

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : आश्विन ११, २०८३ ।
**समय** : दिनको ४:०० बजे ।
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ३२, काठमाडौं ।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरू :**

(क) साधारण प्रस्तावहरु :
१. सञ्चालक समितको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. कम्पनीको सञ्चालक समितिबाट भए गरेका कार्यहरु अनुमोदन सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु :
१. यस कम्पनीको प्रबन्धपत्रको दफा ४, १२ र नियमावलीको नियम १९, ३३ र ४६ संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा नियमक निकायबाट हुने निर्देशन बमोजिम आवश्यक थपघट तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

(ग) विविध ।

**नोट :**
१) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको कार्यालयमा सर्म्पक राख्न सकिनेछ ।

**कम्पनी सचिव**
**हाईड्रो होल्डिङ्स लिमिटेड**
का.जि.का.म.न.पा.वडा नं.३२, काठमाडौं
फो.नं. ०१५९१२८७१, ०१५९१२८७२
www.holdingshydro.com

HYDRO HOLDINGS LIMITED


## ओमनमा रोजगार

कम्पनी : Sama Al Naba TRD

पूर्व स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 347705 | चलानी नं. ६०२६०८४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cafe Waiter | 2 | 0 | 140 | ५५,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
श्रम ईजाजत नं. ४९७/०६१/०६२
Basundhara, Kathmandu, Nepal, Tel : +977-1-4985544, Shree Prasad Gurung (9806131199)
E-mail : shuvamoverseas677@gmail.com, Website : www.shuvamoverseas.com

## युएइमा रोजगार

कम्पनी : Independent Marble Factory Llc Sp

पूर्व स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 347687 | चलानी नं. ६०२६०८४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stone Carver | 4 | 0 | 1500 | ६०,७८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Stone Mason | 5 | 0 | 1500 | ६०,७८९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEPAL WORLD OVERSEAS PVT.LTD**
LIC No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## बहराइनमा रोजगार

कम्पनी : THE RITZ-CARLTON BAHRAIN

पूर्व स्वीकृति मिति : २०८१/१०/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 318698 | चलानी नं. ६०२३२९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 13 | 15 | 150 | ६०,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bartender | 9 | 10 | 150 | ६०,१०५ | | | | | | | |
| 3 | Business Centre Agent | 3 | 3 | 185 | ७४,१३० | | | | | | | |
| 4 | Receptionist | 3 | 3 | 230 | ९२,१६५ | | | | | | | |
| 5 | Room Attendants | 10 | 10 | 150 | ६०,१०५ | | | | | | | |
| 6 | Server | 25 | 25 | 150 | ६०,१०५ | | | | | | | |
| 7 | Steward/Cleaner | 4 | 5 | 150 | ६०,१०५ | | | | | | | |
| 8 | Supervisor | 5 | 5 | 246 | ९८,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BRIGHT STAR HUMAN RESOURCES PVT. LTD.**
श्रम ईजाजत नं. ७०३/०६४/०६५
Tokha 07, Prayasnagar, Kathmandu, Nepal, Tel: 015910659, Mob: Sagar Bhattarai 9851320507
Office Hours: 10:00 AM to 5:00 PM. Email: cv.brightstar@gmail.com, info@brightstarhr.com / Web: brightstarhr.com

## युएइमा रोजगार

कम्पनी : ALREEM GULF PRINTING & PUBLISHING L.L.C – S.P.C

पूर्व स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 347711 | चलानी नं. ६०२६०८४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Book Binders | 2 | 0 | 1800 | ७४,०३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Machine Operators - Printing | 4 | 0 | 3500 | १४३,९६१ | | | | | | | |
| 3 | Packers | 2 | 0 | 1500 | ६१,६९७ | | | | | | | |
| 4 | Sales Officer | 1 | 0 | 2000 | ८२,२६३ | | | | | | | |

कम्पनी : HAYATT SWIMMING POOLS MAINTENANCE. L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०९/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 315334 | चलानी नं. ६०२२९७५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 0 | 900 | ३७,०१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656(Santosh Bhatta), +9779810259009 (Magaj Bogati), E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## युएइमा रोजगार

कम्पनी : ALSARH RECRUITMENT SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०३/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 343493 | चलानी नं. ६०२५६८२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 187 | 0 | 1000 | ४१,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BARQ LINK MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. १८४९/०८२/८३
Gurans Galli, Pingalasthan-9, Gaushala, Kathmandu, Nepal, Tel: 01-5929830,
Cell : 9860739830/976-1075930/9844827624/986-3999541/974-9861288
E-mail: info@barqlinkmanpower.com, Website: www.barqlinkmanpower.com

## कुवेतमा रोजगार

कम्पनी : MANGO ONE LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 321145 | चलानी नं. ६०२३५२३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 170 | ८३,१६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sultan Gulf Overseas Pvt. Ltd.**
Govt. License 1723/081/082
Tokha-10, Kathmandu, Tel: + 977-01-5922873, Mobile No. 9840072590 Bashista Bhat, Email: sultangulfoverseas1723@gmail.com

## युएइमा रोजगार

कम्पनी : ALISHBA SHOUKAT TECHNICAL SERVICES L L C

पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 347361 | चलानी नं. ६०२६०५१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter (Wall) | 1 | 0 | 1500 | ६१,६९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Tile Layer | 2 | 0 | 1500 | ६१,६९८ | | | | | | | |
| 3 | Marble / Tiles Polisher | 1 | 0 | 1500 | ६१,६९८ | | | | | | | |
| 4 | ASSIT. PLUMBER | 1 | 0 | 1200 | ४९,३५८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.**
LIC No. 842/066/067
Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9813333504 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np

## कुवेतमा रोजगार

कम्पनी : PURE DIET COMPANY FOR PROVIDING HEALTHY MEALS

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 314680 | चलानी नं. ६०२२८९८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 2 | 0 | 90 | ४४,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 3 | 0 | 120 | ५८,७०५ | | | | | | | |
| 3 | Line Cooks | 3 | 0 | 150 | ७३,३८५ | | | | | | | |

कम्पनी : MAYA TEX RESTAURANT CO.

पूर्व स्वीकृति मिति : २०८२/१०/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 337836 | चलानी नं. ६०२५१३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 15 | 0 | 120 | ५८,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075


नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

**श्री नं. १ वन तथा पर्यावरण सुरक्षा गण**
रानिबास, ब्यारेक सिन्धुली

## बोलपत्र तथा सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**सूचना नं. २०८३/०८४/०२**
**(पहिलो पटक सूचना प्रकाशित मिति २०८३/०५/२४ गते)**

१. यस गणको आ.व. २०८३/०८४ मा आवश्यक पर्ने देहायमा उल्लेखित ठेक्काहरूको बोलपत्र तथा सिलबन्दी दरभाउपत्रको हार्डकपी (Hard Copy) मार्फत खरिद प्रक्रिया अगाडि बढाउनको लागि यो २१ दिने बोलपत्र र ७ दिने सिलबन्दी दरभाउपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

२. **बोलपत्रपत्र तथा सिलबन्दी दरभाउपत्र सम्बन्धी विवरण:**

| ठेक्का नं. | कामको विवरण | ठेक्काको प्रकार | जमानत रकम रु. | दस्तुर रु. | पेश गर्ने अन्तिम मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| NA/No.1FESBN/NCB/WORKS/ 083/84/01 | Plantation work & Fencing | बोलपत्र | १२९००० ।०० | ३००० ।०० | २०८३/०६/१४ गतेको १२:०० बजेसम्म । | २०८३/०६/१४ गतेको १३०० बजे । |
| NA/No.1FESBN/NCB/WORKS/083/84/02 | Construction and Renovation Works | बोलपत्र | १२९००० ।०० | ३००० ।०० | | |
| NA/No.1FESBN/SQ/WORKS/083/84/01 | Construction of Drainage Works | सिलबन्दी दरभाउपत्र | ४८००० ।०० | १००० ।०० | २०८३/०५/३१ गतेको १२:०० बजेसम्म । | २०८३/०५/३१ गतेको १३०० बजे । |

३. बोलपत्र तथा सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातको दस्तुर देहाय अनुसारको खातामा जम्मा गरे पश्चात् सक्कल भौंचर पेश गरी यस गणबाट बोलपत्र तथा सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।
**बैंकको नाम**: श्री राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, सिन्धुली । **राजश्व खाता नं.**: १०००१००२०००१००००
**कार्यलयको नाम**: श्री नं. १ वन तथा पर्यावरण सुरक्षा गण **कार्यालय कोड**: ३४५०१२५०३ **राजश्व शीर्षक**: १४२२९

४. थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ९८५४०४५६१९ मा सम्पर्क गर्न सकिने छ ।

**कामना सेवा विकास बैंक लि.**
Kamana Sewa Bikas Bank Ltd.

**केन्द्रीय कार्यालय:**
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०५/२४**

तपसिलमा उल्लिखित तपाईं ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अर्न्तगत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईं तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईंहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईंहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीहरुको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|---|
| १. | **प्रभात कुमार राई**<br>**ना.प्र.नं.**: ०६-०२-७९-०२७१०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय,सुनसरी<br>बाबु : अगम बहादुर राई<br>बाजे : हर्कध्वज राई<br>ठेगाना : सुनसरी जिल्ला धरान उ.प.महानगरपालिका वडा नं १६<br>**शाखा कार्यालय : धरान**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा (आवधिक) २ वटा ।** | **सुनिता गुरुङ**<br>**ना.प्र.नं.: ०९-०१-७२-०२३२९ - भोजपुर**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सुनसरी<br>पति : प्रभात कुमार राई<br>ससुरा : अगम बहादुर राई<br>ठेगाना : सुनसरी जिल्ला धरान उ.प.महानगरपालिका वडा नं १६ |
| २. | **दोभान गार्डेन रेष्टुरेन्ट लन्ज एण्ड बार प्रा.लि.**<br>**दर्ता नं.**: २७६४५५/०७८/०७९<br>ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३२<br>जारी गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं<br>स्थायी लेखा नं.: ६१०१४१३४०<br><br>**अख्तियार प्राप्त व्यक्ति / धनजमानिकर्ता : शम्भु रायमाझी**<br>**ना.प्र.नं.** : ३४६३/३५६९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची<br>बाबु : कुल चन्द्र रायमाझी<br>बाजे : टेक बहादुर रायमाझी<br>ठेगाना : अर्घाखाँची जिल्ला छत्रगञ्ज गा.वि.स./उ.म.न.पा. वडा नं. ०३, हाल काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३२<br>**शाखा कार्यालय : भिमसेनगोला**<br>**कर्जा शीर्षक : साना व्यापार कर्जा (आवधिक/अधिविकर्ष) ।** | **मनिता खड्का**<br>**ना.प्र.नं.** : ८४४२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, काठमाडौं<br>पति : शम्भु रायमाझी<br>ससुरा : कुल चन्द्र रायमाझी<br>ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ३४, हाल का.म.न.पा.वडा नं.३२ । |

**नोट** : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# महँगी र कालोबजारी तत्काल नियन्त्रण गर

विपद् प्राकृतिक हुन सक्छ तर विपद्को मौका छोपेर हुने महँगी र कालोबजारी राज्यको कमजोरीबाट हुन्छ । आज बजारमा एकातिर ग्यासका लागि उपभोक्ता भौतारिएका छन् । अर्कोतिर चामल, दाल, चिनी र तरकारीको मूल्य अचाक्ली बढेको छ । दैनिक उपभोग्य वस्तुको बजार मूल्य नियन्त्रणबाहिर छ । पसलैपिच्छे फरक मूल्य छ । यो सरकारको उपस्थितिमाथि उठेको गम्भीर प्रश्न पनि हो ।

हो, बाढीपहिरोले आपूर्ति शृंखलामा समस्या ल्याउन सक्छ । तर, संकट आउनासाथ बजार व्यवसायीको कब्जामा जान्छ भने सरकार मुकदर्शक बन्न मिल्छ ? वैकल्पिक मार्ग, पर्याप्त भण्डारण, मूल्य नियन्त्रण र वितरण प्रणालीको पूर्वतयारी किन भएन ? महँगी बढेपछि र कालोबजारी भएपछि ‘अनुगमन टोली खटायौं’ भन्नु सरकारको उपलब्धि होइन । त्यो त सरासर आफ्नो असफलताको स्वीकारोक्ति हो ।

संघीय राजधानी काठमाडौंमै ग्यासको अभाव भएको महिनौं भइसक्यो । दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि भएको गत साउनदेखि नै हो । यस्तोमा सरकारी निकायले अनुगमन गरेको दाबी गरे पनि बजारमा त्यसको प्रभाव देखिएन । उपभोक्ताको भान्सामा देखिएन । ख्याल होस्–अनुगमनको संख्या होइन, कालोबजारी गर्नेमाथि कारबाही भएको जनताले देख्न चाहन्छन् । तर, किन हुँदैन ? सवाल यो हो ।

रोचक त के छ भने बजारमा ग्यास नहुँदा महँगो मूल्यमा कतैकतै पाइन्छ । कसरी ? सरकार कहाँ चुक्यो ? यता पर्याप्त मौज्दातको दाबी भइरहँदा चिनी किन हराउँछ ? किन पाउँदैनन् उपभोक्ता सहजै किन्न ? पसलैपिच्छे चामल र दालको मूल्य किन फरक हुन्छ ? यी प्रश्नको जवाफ त्यस्ता व्यवसायीलाई कारबाही गरेर दिनुपर्छ ।

प्रधानमन्त्री वालेन्द्र साह नेतृत्वको सरकार जनताको अपेक्षाको बलमा बनेको सरकार हो । त्यसैले पुराना सरकार जस्तै संकट पर्दा निरीह बन्ने छुट छैन । र, कृत्रिम अभाव सिर्जना गर्ने, मौज्दात लुकाउने, तोकिएकोभन्दा बढी मूल्य असुल्ने र विपद्को पीडामाथि नाफाखोरी गर्ने जोसुकै हुन्, उनीहरूमाथि तत्काल छापा, अनुसन्धान र कानुनी कारबाही हुनुपर्छ । गोदामदेखि खुद्रा पसलसम्मको मौज्दात सार्वजनिक गरिनुपर्छ । ग्यासको हकमा आयात, भण्डारण, ढुवानी र वितरणको तथ्यांक पारदर्शी बनाउनुपर्छ ।

सरकारको कमजोरी र व्यवसायीको लोभबीच जनता सधैँ पिसिनु हुँदैन । विपद्को समयमा बजारमाथि राज्यको नियन्त्रण झनै बलियो हुनुपर्छ । अहिलेको आवश्यकता भाषणको होइन, हस्तक्षेप हो । अनुगमनको नाटक होइन, कारबाही हो । त्यसैले वालेन्द्र सरकारलाई सुझाव छ– महँगी नियन्त्रण गर । कृत्रिम अभाव सिर्जना गर्नेलाई कडा कारबाही गर । अन्यथा विपद्को पीडामाथि महँगीको भार थप्ने सरकारलाई जनताले ‘साक्षी सरकार’का रूपमामात्र सम्झिने छन् ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

**यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:**

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# युवा पुस्ताको बढ्दै राजनीतिक भूमिका



❑ डा. शोभाकर पराजुली

> डिजिटल युगले राजनीतिक सहभागिताको परिभाषा नै परिवर्तन गरिदिएको छ । अब नागरिक केवल मतदान गर्ने व्यक्तिमात्र होइन, नीति निर्माणमा प्रभाव पार्ने सक्रिय सहभागी पनि बनेका छन् । यसले लोकतन्त्रलाई अझ सहभागितामूलक बनाउने सम्भावना बढाएको छ । तर यसको प्रभावकारी उपयोगका लागि संस्थागत रूपान्तरण आवश्यक छ, अन्यथा डिजिटल राजनीति र औपचारिक राजनीतिबीचको दूरी अझ बढ्न सक्छ ।

विश्व राजनीति पछिल्ला दशकहरूमा गहिरो संरचनात्मक परिवर्तनको चरणबाट गुज्रिरहेको छ, जसको केन्द्रमा युवा पुस्ताको बढ्दो राजनीतिक सक्रियता र प्रभाव स्पष्टरूपमा देखिन्छ । विशेषतः जेन-जेड पुस्ताको उदयसँगै राजनीतिक सहभागिता, नेतृत्वको स्वरूप, राज्य र नागरिकबीचको सम्बन्ध तथा लोकतान्त्रिक संस्थाहरूको कार्यशैलीमा नयाँ बहसहरू सुरु भएका छन् । परम्परागत राजनीतिक प्रणाली, जुन लामो समयसम्म संस्थागत दल, अनुभवी नेतृत्व, क्रमिक सत्ता हस्तान्तरण र विचारधारात्मक संघर्षमा आधारित थियो, अहिले डिजिटल युगका सचेत, आलोचनात्मक र तत्काल प्रतिक्रिया दिने युवा पुस्तासँग प्रत्यक्ष संवादमा आएको छ । यसले विश्वव्यापीरूपमा राजनीतिक संरचनालाई पुनः परिभाषित गर्न बाध्य बनाएको छ ।

जेन-जेड आन्दोलनहरू विश्वका विभिन्न भागमा फरक-फरक राजनीतिक, आर्थिक र सामाजिक सन्दर्भमा देखापरे पनि तिनको मूल चरित्रमा उल्लेखनीय समानता पाइन्छ । यी आन्दोलनहरू मुख्यतः प्रणालीगत असन्तोष, संस्थागत कमजोरी र राजनीतिक उत्तरदायित्वको अभावप्रति केन्द्रित छन् । ल्याटिन अमेरिका, अफ्रिका, युरोप र एसियाका विभिन्न देशहरूमा युवाहरूले भ्रष्टाचार, अवसरको असमानता, बेरोजगारी, अभिव्यक्ति स्वतन्त्रताको सीमितता, सामाजिक न्यायको अभाव र राज्य संयन्त्रको ढिलासुस्तीविरुद्ध आवाज उठाएका छन् । यी आन्दोलनहरू केवल परम्परागत सडक प्रदर्शनमा सीमित छैनन्, बरु डिजिटल माध्यममार्फत संगठित हुने, सूचना प्रवाह गर्ने, जनमत निर्माण गर्ने र राजनीतिक दबाब सिर्जना गर्ने नयाँ शैलीको राजनीतिक अभिव्यक्ति हुन् ।

डिजिटल प्रविधिको तीव्र विस्तारले युवाको राजनीतिक भूमिकालाई गुणात्मकरूपमा परिवर्तन गरेको छ । सामाजिक सञ्जाल, अनलाइन प्लेटफर्म, डिजिटल अभियान र नेटवर्किङ संरचनाले परम्परागत राजनीतिक संगठनको एकाधिकारलाई चुनौती दिएको छ । अब राजनीतिक सहभागिता केवल पार्टी सदस्यता वा भौतिक उपस्थितिमा सीमित छैन, बरु विचार निर्माण, डिजिटल अभियान सञ्चालन, अनलाइन बहस र सार्वजनिक विमर्शमार्फत पनि सम्भव भएको छ । यसले शक्ति संरचनालाई केही हदसम्म विकेन्द्रित बनाएको छ र नागरिकलाई प्रत्यक्ष राजनीतिक संवादमा सहभागी गराएको छ तर यससँगै नयाँ चुनौतीहरू पनि उत्पन्न भएका छन्, जसमा गलत सूचना, डिजिटल ध्रुवीकरण, भावनात्मक राजनीति र सतही बहस प्रमुख छन् ।

युवा पुस्ताको राजनीतिक चेतना अब परम्परागत वैचारिक सीमाभन्दा बाहिर विस्तारित भएको छ । उनीहरू केवल वाम वा दक्षिणपन्थी विचारधारामा सीमित छैनन्, बरु नीति परिणाम, सुशासन, पारदर्शिता, जलवायु परिवर्तन, लैंगिक समानता, मानवअधिकार र सामाजिक न्यायजस्ता व्यावहारिक विषयहरूमा केन्द्रित छन् । यसले राजनीतिक वैधताको परम्परागत आधारलाई चुनौती दिएको छ । जहाँ पुरानो पुस्ता ऐतिहासिक संघर्ष, संगठनात्मक अनुशासन र राजनीतिक योगदानलाई वैधताको आधार मान्छ, त्यहाँ नयाँ पुस्ता कार्यसम्पादन, जवाफदेहिता र परिणाममुखी शासनलाई वैधताको प्रमुख आधार मान्छ । यसरी हेर्दा विश्व राजनीति दुई फरक वैधता ढाँचाबीचको संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । पहिलो ढाँचा ऐतिहासिक वैधता हो, जसले विगतको संघर्ष, आन्दोलन र योगदानलाई राजनीतिक अधिकारको आधार मान्छ । दोस्रो ढाँचा कार्यसम्पादन आधारित वैधता हो, जसले वर्तमान शासनको प्रभावकारिता, पारदर्शिता र परिणामलाई प्राथमिकता दिन्छ । यी दुई ढाँचाबीच सन्तुलन कायम हुन नसक्दा पुस्तागत दूरी झन गहिरो हुँदै गएको देखिन्छ ।

युवा आन्दोलनहरूको अर्को महत्त्वपूर्ण विशेषता उनीहरूको संगठनात्मक स्वरूप हो । परम्परागत राजनीतिक आन्दोलनहरू जस्तै स्पष्ट नेतृत्व संरचना, औपचारिक संगठन र दीर्घकालीन वैचारिक दस्तावेजमा आधारित नहुनु यी आन्दोलनहरूको विशेषता हो । बरु यी आन्दोलनहरू नेटवर्क आधारित, विकेन्द्रित र क्षणिकरूपमा तीव्र गतिमा फैलिने प्रकृतिका हुन्छन् । यसले उनीहरूलाई लचिलो र प्रभावकारी बनाएको छ तर दीर्घकालीन संस्थागत रूपान्तरणमा चुनौती पनि थपेको छ ।

नेपालको सन्दर्भमा पनि यो विश्वव्यापी प्रवृत्ति स्पष्टरूपमा देखिन्छ । जेन-जेड पुस्ता सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म र नागरिक बहसमार्फत राजनीतिक विषयहरूमा अत्यन्त सक्रिय देखिन्छ । बेरोजगारी, अवसरको असमानता, भ्रष्टाचार, सुशासनको अभाव र राज्य सेवाको कमजोर प्रभावकारिताप्रति उनीहरूको आलोचनात्मक दृष्टिकोण बढ्दो छ । यसले परम्परागत राजनीतिक दलहरूलाई आफ्ना संगठनात्मक संरचना, नेतृत्व शैली र नीति प्राथमिकतामा पुनर्विचार गर्न बाध्य बनाएको छ तर नेपालको राजनीतिक संरचना अझै संक्रमणकालीन अवस्थामा रहेकाले युवा पुस्ताको भूमिकालाई संस्थागतरूपमा समायोजन गर्ने प्रक्रिया पूर्णरूपमा विकसित हुन सकेको छैन ।

राजनीतिक दलहरूभित्र आन्तरिक लोकतन्त्रको कमजोरी, नेतृत्व हस्तान्तरणको अस्पष्टता, अवसर वितरणमा असमानता र निर्णय प्रक्रियामा सीमित सहभागिताले युवा पुस्ताको विश्वास कमजोर बनाएको छ । परिणामस्वरूप, युवा ऊर्जा औपचारिक राजनीतिक संरचनाभन्दा बाहिर बढी सक्रिय देखिन्छ, जसले वैकल्पिक राजनीतिक अभिव्यक्तिको विकासलाई तीव्र बनाएको छ । विश्वव्यापी रूपमा हेर्दा, युवा राजनीतिक सक्रियता केवल असन्तोषको अभिव्यक्तिमात्र होइन, बरु राजनीतिक पुनर्संरचनाको संकेत पनि हो । यो परिवर्तनले राजनीतिक संस्थाहरूलाई अझ उत्तरदायी, पारदर्शी र सहभागितामूलक बनाउन दबाब सिर्जना गरेको छ तर यो परिवर्तन सहज छैन । यसले पुरानो संरचना र नयाँ अपेक्षाबीच द्वन्द्व उत्पन्न गरेको छ, जसलाई व्यवस्थापन गर्न नसकिएमा राजनीतिक अस्थिरता बढ्न सक्छ ।

युवा पुस्ताको राजनीतिक भूमिकालाई तीन प्रमुख आयाममा विश्लेषण गर्न सकिन्छ । पहिलो, उनीहरू राजनीतिक चेतनाको विस्तारकर्ता हुन्, जसले सूचना प्रविधिको माध्यमबाट जनमत निर्माण गर्छन् । दोस्रो, उनीहरू राजनीतिक दबाब समूह हुन्, जसले राज्य र संस्थाहरूलाई जवाफदेही बनाउन सक्रिय भूमिका खेल्छन् । तेस्रो, उनीहरू भविष्यका नेतृत्वकर्ता हुन्, जसले दीर्घकालीनरूपमा राजनीतिक संरचनालाई पुनःपरिभाषित गर्ने क्षमता राख्छन् । तर यी भूमिकाहरू सफल हुनका लागि युवाले पनि आफ्ना सीमाहरू बुझ्न आवश्यक छ ।

डिजिटल सक्रियता वा आन्दोलनमा सीमित राजनीतिक सहभागिताले दीर्घकालीन संस्थागत परिवर्तन सुनिश्चित गर्न सक्दैन । उनीहरूले नीति निर्माण, वैकल्पिक शासन मोडेल र संरचनात्मक सुधारमा पनि सक्रिय भूमिका खेल्नुपर्छ । जबसम्म युवा पुस्ता केवल बाह्य दबाब समूहका रूपमा रहन्छ, तबसम्म राजनीतिक प्रणालीमा स्थायी परिवर्तन सम्भव हुँदैन । अर्कोतर्फ, पुरानो पुस्ताको भूमिकालाई पनि पुनःपरिभाषित गर्न आवश्यक छ । उनीहरूले आफ्नो ऐतिहासिक योगदानलाई मात्र वैधताको आधार बनाएर नयाँ पुस्तालाई बाहिर राख्ने प्रवृत्ति जारी राखे भने पुस्तागत दूरी अझ गहिरो हुँदै जाने छ । अनुभवलाई मार्गदर्शनमा रूपान्तरण गर्ने र नेतृत्वलाई हस्तान्तरण गर्ने क्षमता विकास गर्नु आजको प्रमुख आवश्यकता हो ।

विश्व राजनीतिक प्रणाली अहिले संक्रमणकालीन चरणमा रहेको स्पष्ट देखिन्छ, जहाँ पुरानो संरचना कमजोर हुँदै गएको छ र नयाँ संरचना पूर्णरूपमा स्थापित हुन बाँकी छ । यही संक्रमणकालीन अवस्थाले पुस्तागत दूरीलाई अझ स्पष्ट बनाएको छ तर यही अवस्था परिवर्तनको अवसर पनि हो । यदि राजनीतिक संस्थाहरूले समयमै सुधार गरे भने यो संक्रमणलाई सकारात्मक रूपान्तरणमा बदल्न सकिन्छ ।

डिजिटल युगले राजनीतिक सहभागिताको परिभाषा नै परिवर्तन गरिदिएको छ । अब नागरिक केवल मतदान गर्ने व्यक्तिमात्र होइन, नीति निर्माणमा प्रभाव पार्ने सक्रिय सहभागी पनि बनेका छन् । यसले लोकतन्त्रलाई अझ सहभागितामूलक बनाउने सम्भावना बढाएको छ । तर यसको प्रभावकारी उपयोगका लागि संस्थागत रूपान्तरण आवश्यक छ, अन्यथा डिजिटल राजनीति र औपचारिक राजनीतिबीचको दूरी अझ बढ्न सक्छ ।

अन्ततः युवा राजनीतिक परिवर्तन केवल पुस्तागत प्रतिस्थापनको विषय होइन, बरु राजनीतिक प्रणालीको गुणात्मक रूपान्तरणको प्रक्रिया हो । यो परिवर्तनले राज्य, समाज र नागरिकबीचको सम्बन्धलाई पुनःपरिभाषित गरिरहेको छ । यदि यसलाई सही दिशामा व्यवस्थापन गर्न सकियो भने यसले अझ समावेशी, उत्तरदायी र गतिशील लोकतान्त्रिक प्रणाली निर्माण गर्न सक्छ । त्यसैले आजको आवश्यकता द्वन्द्व होइन, संवाद हो; प्रतिस्पर्धा होइन, सहकार्य हो; र अविश्वास होइन, संस्थागत विश्वास निर्माण हो । जब पुरानो पुस्ताको अनुभव र नयाँ पुस्ताको नवप्रवर्तन एकीकृत हुन्छ, तबमात्र विश्व राजनीति स्थायित्व र परिवर्तनको सन्तुलन प्राप्त गर्न सक्षम हुने छ । यही सन्तुलनले भविष्यको लोकतन्त्रलाई अझ सुदृढ, पारदर्शी र जनमुखी बनाउने आधार तयार गर्ने छ । *रासस*

# प्रेसलाई नियन्त्रण गर्ने सरकारको नयाँ रणनीति



❑ रमेशकुमार बोहोरा

> सरकारले बुझ्नुपर्ने कुरा के हो भने प्रेसलाई आर्थिक रूपमा कमजोर बनाएर राज्य बलियो हुँदैन । आलोचनात्मक आवाज दबाएर लोकतन्त्र बलियो हुँदैन । सरकारी विज्ञापनलाई नियन्त्रणको औजार बनाएर नागरिकको सूचनाको अधिकार सुरक्षित हुँदैन । बरू स्वतन्त्र, सबल र आर्थिकरूपमा टिकाउ सञ्चारमाध्यम लोकतन्त्रको सुरक्षाकवच हुन् ।

सरकारले स्वरोजगारमूलक छापा सञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय गरेपछि त्यसको प्रत्यक्ष असर केवल सञ्चार संस्थाको आम्दानीमामात्र सीमित हुने देखिएको छैन । यसले प्रेसको आर्थिक आधार, पत्रकारको पेसागत सुरक्षा र नागरिकको सूचनाको अधिकारमाथिसमेत गम्भीर प्रश्न खडा गरेको छ । सरकारले आर्थिक संकटबाट गुज्रिरहेका छापा माध्यमलाई राहत र संरक्षण दिनुपर्ने समयमा उल्टै उनीहरूको मुख्य आयस्रोतमा प्रहार गरेपछि नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले यसलाई सामान्य प्रशासनिक निर्णय नभई प्रेस स्वतन्त्रतासँग जोडिएको विषयका रूपमा लिएको छ ।

२०८३ भदौ ५ गते शुक्रबार सरकारले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय गरेपछि छापा माध्यमका सम्पादक तथा प्रकाशकहरूबीच असन्तुष्टि चुलिएको हो । त्यसको प्रतिवादमा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले सरकारलाई निर्णय तत्काल फिर्ता लिन चेतावनी दिँदै माग पूरा नभए चरणबद्ध आन्दोलनमा जाने घोषणा गरिसकेको छ । शाखाले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णयले विशेषगरी दैनिक, साप्ताहिक, पाक्षिक र मासिकलगायत साना लगानी तथा स्वरोजगारमूलक पत्रपत्रिकाको अस्तित्वमाथि नै संकट उत्पन्न गर्न सक्ने जनाएको छ ।

यसै विषयमा काठमाडौं शाखाले विभिन्न छापा माध्यमका सम्पादक तथा प्रकाशकसँग राय-सुझाव संकलन गरेपछि दामोदरप्रसाद दवाडीको संयोजकत्वमा ‘छापा माध्यम बचाउ सुझाव कार्यदल’ गठन गरेको थियो । कार्यदलमा डा. केशव देवकोटा, टंक कार्की, हेमराज सिलवाल, मुक्ति बास्तोला, विश्वराज किराँत, सीता पोखरेल, नृपेन्द्रलाल श्रेष्ठ, डिल्लीराम भट्टराई, पदमराज जोशी, देवेन्द्र चुडाल र कल्पना खड्का सदस्य रहेका छन् । कार्यदलले गरेको अध्ययन, छलफल र प्राप्त सुझावका आधारमा सरकारको निर्णय सच्याउन दबाब दिनेमात्र होइन, आवश्यक परे आन्दोलनमा जाने स्पष्ट खाका अघि सारेको छ ।

कार्यदलको निष्कर्षमा सबैभन्दा महत्त्वपूर्ण माग लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८३ मा गरिएको पहिलो संशोधन पूर्णरूपमा खारेज गर्नुपर्ने रहेको छ । कार्यदलले समय, बजार मूल्य, मुद्रण लागत, कागज तथा वितरण खर्चलगायतका आधारमा लोककल्याणकारी विज्ञापनको रकम कटौती होइन, बरु समयअनुकूल पुनरावलोकन गरी दोब्बर गर्नुपर्ने माग अघि सारेको छ । यसले सरकारको वर्तमान नीतिमाथि एउटा आधारभूत प्रश्न उठाएको छ । छापा माध्यमको लागत निरन्तर बढिरहेका बेला राज्यले दिने संस्थागत सहयोग घटाउनुको औचित्य के हो ?

लोककल्याणकारी विज्ञापनलाई सरकारले कुनै राजनीतिक दल, मन्त्री वा सरकारको व्यक्तिगत कृपाजस्तो व्यवहार गर्नु नै समस्या भएको सञ्चार क्षेत्रको निष्कर्ष छ । सार्वजनिक सूचना नागरिकसम्म पुर्‍याउने काम राज्यको दायित्व हो । त्यसका लागि सञ्चारमाध्यमले आफ्नो पूर्वाधार, जनशक्ति, सम्पादकीय संयन्त्र र वितरण प्रणाली प्रयोग गर्छन् । त्यसैले सार्वजनिक सूचना प्रकाशन गरेबापत राज्यले उपलब्ध गराउने रकमलाई ‘अनुदान’ वा ‘कृपा’को भाषामा बुझ्नु नै गलत हो ।

अझ गम्भीर प्रश्न त के हो भने सरकारका नीति र निर्णयमाथि प्रश्न उठाउने, आलोचना गर्ने र नागरिकका पक्षमा खबरदारी गर्ने सञ्चारमाध्यमलाई आर्थिकरूपमा कमजोर बनाउने नीति कतै अप्रत्यक्ष नियन्त्रणको माध्यम त बनिरहेको छैन ?

सरकारले सञ्चारमाध्यमलाई संरक्षण र प्रोत्साहन गर्नुपर्ने अवस्थामा उल्टै आर्थिक संकट थप गहिरो बनाउने निर्णय गरेको छ । विशेषगरी ठूला व्यावसायिक घराना वा पर्याप्त वैकल्पिक आम्दानी भएका सञ्चारगृहभन्दा सीमित लगानी, आफ्नै श्रम र पेसागत प्रतिबद्धताका आधारमा सञ्चालित पत्रपत्रिकामाथि यसको असर बढी पर्न सक्छ । एउटा साप्ताहिक वा पाक्षिक पत्रिका बन्द हुनु केवल एउटा पत्रिका बन्द हुनु होइन, त्यससँग जोडिएका पत्रकार, कर्मचारी, वितरक, मुद्रक र पाठकको सूचना पहुँचमासमेत असर पर्नु हो ।

यही वास्तविकतालाई ध्यानमा राख्दै कार्यदलले संशोधित कार्यविधि खारेज नभएसम्म कटौती गरिएको रकमअनुसार छापा माध्यमले बिल नबुझाउने वातावरण बनाउन नेपाल पत्रकार महासंघ केन्द्रीय समितिलाई आग्रह गर्ने सुझाव दिएको छ । महासंघले देशभरका छापा माध्यमसँग समन्वय गरी सामूहिक दबाब सिर्जना गर्नुपर्ने कार्यदलको निष्कर्ष छ ।

कार्यदलले विज्ञापन बोर्डको भूमिकामाथि समेत प्रश्न उठाएको छ । सञ्चारमाध्यमलाई विज्ञापन बोर्डमा सूचीकरण गराउने व्यवस्था तत्काल हटाउनुपर्ने तथा लोककल्याणकारीलगायत सम्पूर्ण विज्ञापनबाट बोर्डले कटाउँदै आएको ३ प्रतिशत रकम खारेज गर्नुपर्ने माग अघि सारिएको छ । सञ्चारमाध्यमको आर्थिक अवस्था कमजोर भइरहेका बेला विज्ञापनको रकमबाट थप प्रशासनिक कटौती गर्नुको औचित्यमाथि कार्यदलले प्रश्न उठाएको हो ।

त्यस्तै राष्ट्रिय समाचार समिति (रासस) बाट प्रकाशित समाचार बुलेटिनको मूल्यमा गरिएको ठूलो वृद्धि पनि छापा माध्यमका लागि अर्को आर्थिक भार बनेको कार्यदलको ठहर छ । समाचार सामग्री सञ्चारमाध्यमलाई न्यूनतम र व्यवहारिक मूल्यमा समाचार बुलेटिन उपलब्ध गराउनुपर्ने माग कार्यदलले अघि सारेको छ । राज्यका सञ्चार संरचनाले नै निजी तथा स्वरोजगारमूलक सञ्चारमाध्यमलाई अतिरिक्त आर्थिक बोझ थप्ने हो भने सञ्चार क्षेत्रको संरक्षणसम्बन्धी सरकारी प्रतिबद्धता कागजमै सीमित हुने देखिन्छ ।

सरकारले बुझ्नुपर्ने कुरा के हो भने प्रेसलाई आर्थिक रूपमा कमजोर बनाएर राज्य बलियो हुँदैन । आलोचनात्मक आवाज दबाएर लोकतन्त्र बलियो हुँदैन । सरकारी विज्ञापनलाई नियन्त्रणको औजार बनाएर नागरिकको सूचनाको अधिकार सुरक्षित हुँदैन । बरु स्वतन्त्र, सबल र आर्थिकरूपमा टिकाउ सञ्चारमाध्यम लोकतन्त्रको सुरक्षाकवच हुन् ।

त्यसैले अहिलेको प्रश्न केवल लोककल्याणकारी विज्ञापनको केही रकम घटाउने वा नघटाउने भन्ने होइन । प्रश्न राज्यले स्वतन्त्र प्रेसलाई साझेदारका रूपमा हेर्छ कि नियन्त्रण गर्नुपर्ने क्षेत्रका रूपमा ? प्रश्न सरकार नागरिकलाई सूचना दिने सञ्चारमाध्यमको संरक्षण गर्न चाहन्छ कि आर्थिक रूपमा कमजोर बनाएर उसको प्रभाव सीमित गर्न चाहन्छ ? र सबैभन्दा महत्त्वपूर्ण प्रश्न लोकतन्त्रको चौथो अंगलाई बलियो बनाउने कि सरकारी निर्णयको विरोध गर्न नसक्ने आर्थिक रूपमा निर्भर प्रेस निर्माण गर्ने ? यी प्रश्नको जवाफ सरकारले व्यवहारबाट दिनुपर्ने समय आएको छ ।



**बालबालिकालाई स्वर्णविन्दु** | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय काभ्रेमा मंगलबार बालबालिकालाई स्वर्णविन्दु खुवाईँदै । एक वर्षदेखि पाँच वर्ष उमेरका बालबालिकालाई प्रत्येक महिनाको पुष्य नक्षत्रको दिन स्वर्णविन्दु खुवाउने गरिएको छ । *तस्बिरः रासस*

# काभ्रेमा छ हजार 'भूमिहीनको' निवेदन

**काभ्रेपलाञ्चोक (प्रस)**– काभ्रेपलाञ्चोकमा छ हजारभन्दा बढी भूमिहीन सुकुमबासी, दलित र अव्यवस्थित बसोबासीले निवेदन दिएका छन् । सरकारले भूमिहीनको समस्या समाधानका लागि प्रक्रिया अगाडि बढाएपछि जमिन पाउने आशामा उनीहरूले निवेदन दिएका हुन् ।

हालसम्म छ हजार ३२९ भूमिहीन सुकुमबासी, दलित र अव्यवस्थित बसोबासीको निवेदन प्राप्त भएको जिल्लास्थित नापी कार्यालयले जनाएको छ । जिल्ला भूमि समस्या समाधान समितिमा भूमिहीनले निवेदन दिएको नापी कार्यालयका प्रमुख अशोक भुसालले जानकारी दिए । उनका अनुसार कूल निवेदनमध्ये जिल्लाका भूमिहीन सुकुमबासी ७०७, भूमिहीन दलित १८३ र अव्यवस्थित बसोबासी पाँच हजार ४३९ को तथ्यांक प्रविष्ट भइसकेको छ ।

सरकारले गत जेठको तेस्रो साता नयाँ जिल्ला भूमि समस्या समाधान समिति गठन गरेसँगै समितिले जिल्लामा रहेका भूमिहीन सुकुमबासी, दलित र अव्यवस्थित बसोबासीका लागि जग्गा उपलब्ध गराउने काम अघि बढाएको थियो ।

समितिले जिल्लास्थित संघीय तथा प्रदेशका सांसद, जिल्लास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्षसँग छलफल गरी छुट निवेदन माग गरिएको जनाइएको छ ।

समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी गोपाल अधिकारीले असार मसान्तभित्र जिल्लामा रहेका भूमिहीन सुकुमबासी, दलित तथा अव्यवस्थित बसोबासीको विवरण संकलन गरी निर्देशानुसार विवरण प्रविष्टिलगायतको काम भइरहेको बताए । उनका अनुसार सरकारले एक हजार दिनमा भूमिहीन सुकुमबासी, दलित र अव्यवस्थित बसोबासीको व्यवस्थापन गरिसक्ने लक्ष्यअनुसार नै जिल्लामा पनि काम भइरहेको छ ।

विगतमा छुटेका भूमिहीन सुकुमबासी, दलित र अव्यवस्थित बसोबासीको विवरण संकलन गरी प्रविष्ट गर्ने काम भइरहेको अधिकारीको भनाइ छ । 'विवरण संकलनका क्रममा विगतमा भएका त्रुटिलाई सच्याउँदै प्रक्रिया अघि बढाइएको छ, कसैले बदनियत राखेको पाइए कारबाही गर्नेछौं,' अधिकारीले भने ।

# शोकमा डुबेका अनलाललाई साथ दिँदै वडावासी



**राँझा (बाँके)**– एकैपरिवारका तीन जना बेपत्ता । त्योभन्दा ठूलो पीडा के होला ? यस्तै पर्नु पीर परेको छ, नेपालगञ्ज-२० निवासी अनलाल रोकायलाई ।

भोटेकोशी बाढीमा तीन जना बेपत्ता भई अकल्पनीय शोकमा परेका रोकायालाई वडावासीले साथ सहयोग प्रदान गरेका छन् । रसुवा भन्सार कार्यालय टिमुरे क्षेत्रमा काम गर्ने दाजु ५३ वर्षीय शेरसिंह रोकाय र भाउजु ५६ वर्षीया विष्णुमतिलाई भेट्न र तीर्थस्थल गोसाइँकुण्ड घुम्न गएका १९ वर्षीय छोरा दीपक रोकाय बेपत्ता हुँदा अनलाल यतिबेला असह्य पीडामा छन् ।

बुढेसकालको सहारा एक्लो छोरा, अभिभावकका रूपमा रहेका दाजु र भाउजु एकैपटक बेपत्ता भएपछि थपुवास्थित रोकाय निवासमा अहिले सन्नाटा र आँसुमात्र छचल्किरहेको छ । ढोकातिर हेर्दै 'कतै फर्किहाल्छन् कि' भन्ने आशा र मनभित्रको गहिरो निराशाबीच अनलालको परिवार वियोगको भारी थाम्न विवश छ ।

अकल्पनीय पीडा र शोकको घडीमा स्थानीय वडावासी भने रोकाय परिवारको घाउमा मलम लगाउन अघि सरेका छन् । स्थानीयवासीको सक्रियतामा संकलन गरिएको नगद राहत बोकेर नेपालगञ्ज उपमहानगरपालिका-२० का कार्यवाहक वडाध्यक्ष चक्रबहादुर बुढासहितको टोली सोमबार अनलालको निवासमै पुगेको थियो ।

'अकल्पनीय पीडाको अगाडि यो रकम धेरै सानो हो,' कार्यवाहक वडाध्यक्ष बुढाले भावुक हुँदै अनलाललाई सम्झाए, 'यो रकममात्र होइन, सिंगो वडावासी तपाईंको साथमा छ । आगामी दिनमा बेपत्ताको खोजी र परिवारलाई चाहिने हरेक सहयोगमा हामी निरन्तर साथमै रहनेछौं ।'

आफ्नो सिंगो परिवार नै बेपत्ता भएपछि शोकमा डुबेका अनलालका लागि गाउँलेको यो साथले थोरै भए पनि सहारा दिएको छ । 'सहयोग सानो वा ठूलो भन्ने हुँदैन, दुःखको यो क्षणमा वडावासीले खोजी कार्यदेखि आर्थिक सहयोग गरेर हाम्रो पीडामा मल्हम लगाउने काम गर्नुभएको छ,' गहभरि आँसु पार्दै अनलालले वडावासीप्रति आभार प्रकट गरे ।

आफ्ना मान्छे जीवितै फर्किने आशा मर्दै जाँदा, अन्तिम संस्कारका लागि भए पनि शव पहिचान होस् भन्ने पर्खाइमा रोकाय परिवार रहेको छ । 'बाढीपछि फेला परेका शवसँग मिलान गर्न डिएनए परीक्षणका लागि नमूना पठाइएको छ,' अनलालले आशा र निराशा व्यक्त गर्दै भने, 'कम्तीमा डिएनए रिपोर्ट मिलेपछि त दाजु, भाउजु र छोराको अवस्था आधिकारिकरूपमा थाहा हुन्थ्यो ।'

भोटेकोशीको त्यो विनाशकारी बाढीले बाँके जिल्लाकामात्रै २३ जनालाई बेपत्ता बनाएको छ । बाँकेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङका अनुसार हालसम्म ३२ जनाको सकुशल उद्धार गरिएको छ । यस्तै, तीन जनाको सनाखत भएको छ । बाँकी बेपत्ताका परिवारका लागि भने हरेक दिन सम्झना, पीडा र कहिल्यै नसकिने पर्खाइ बनेर बितिरहेको छ । *रासस*

भोटेकोशीमा बाढी

# वीरबहादुरको एक कलले बचायो करिब ३० परिवार

■ **विक्रम गिरी**

**गैरीखर्क (नुवाकोट)**– माइक्रोबसबाट यात्रु झारेर वीरबहादुर गुरुङ सडक छेउको एउटा चिया पसलमा पसे । एक्कासि ठूलोठूलो आवाज उनको कानमा आएर ठोक्कियो । यसो बाहिर आएर स्याफ्रुबेँसीतर्फ के हेरेका थिए उनको होस हवास नै उड्यो । उनले जीवनमा कहिल्यै नदेखेको दृश्य देखे । भोटेकोशीको बाढीले आकाशै छुन लागेको जस्तो वीरबहादुरलाई आभास भयो । त्यही बाढीको गड्गडाहटले रसुवा सदरमुकाम धुञ्चेलाई थर्कमान बनाएको थियो ।

'भोटेकोशीमा बाढी यति धेरै आएको थियो कि पाँच दश-मिनेट मैले केही सोच्नै सकिनँ,' वीरबहादुरले भने, 'एकछिनपछि त झल्यास्स सम्झिएँ, लौ मेरो जहान बच्चाहरूलाई बग्नबाट कसरी जोगाउने ।' उनले त्रिशूली नदीको बगरमा बसाइएको बजार नुवाकोटको विदुर नगरपालिका-१० भैंसेलाई सम्झे । अनि भैंसेस्थित घरमा रहेकी श्रीमती गंगालाई फोन गरे । 'श्रीमतीको फोन मरिकाटे उठ्दैन,' उनले सम्झँदै भने ।

वीरबहादुरलाई दिमागले काम गर्न छोडेजस्तै भयो । उनले तारन्तार फोन गरिरहे । श्रीमतीको फोन नउठेपछि उनले नौ कक्षामा पढ्दै गरेकी छोरी एविकालाई सम्झे । उत्तरगया बोर्डिङ स्कुलमा पढ्ने एविका त्यतिबेला विद्यालय जाँदै थिइन् । उनी बुबाको फोन आएपछि बाटोबाटै पाखोतर्फ भागिन् ।

'छोरीले एक कलमै फोन उठाइन्, अनि मैले धुञ्चेबाट देखिरहेको सुनिरहेको दृश्यबारे उनलाई बताएँ,' वीरबहादुरले भने, 'एक छिनपछि त श्रीमती र दाजु (रमेश) ले पनि फोन उठाए ।' उनकी श्रीमती गंगा तामाङ गुरुङ त्यतिबेला खेतमा थिइन् । उनी घर पुग्दासम्म रमेशले ७१ वर्षीया सासु साइली र दुई वर्षको छोरोलाई घरमाथिको पाखोमा पुऱ्याइसकेका थिए ।

वीरबहादुरको आफ्नै माइक्रोबस छ । उनी आफैंले त्यही माइक्रोबस बेत्रावतीबाट काठकाडौंको मार्गमा चलाउने गर्छन् । बाढी आएको दिन भने उनी धार्मिकस्थल गोसाइँकुण्ड जाने १० जना यात्रु लगेर बिहानै धुञ्चे उक्लिएका थिए । उनका अनुसार यात्रुहरू सबै धादिङका थिए । उनीहरूले वीरबहादुरको माइक्रोबस भाडामा लिएर त्यसतर्फ गएका थिए ।

'भाग्य बलियो रहेछ, त्यही भएर बाँचें,' वीरबहादुरले भने । अरु बेला हुन्थ्यो भने उनको बिहानको समय काठमाडौंका लागि यात्रु खोज्नमै त्यही बेत्रावती र भैंसे वरपर बित्थ्यो । त्यसदिन गोसाइँकुण्ड जाने दर्शनार्थीका कारण वीरबहादुर बाढीको चपेटामा परेनन् । 'अरु दिन हुन्थ्यो भने म मात्र होइन, परिवार नै बाढीमा बग्थ्यो,' उनले भने, 'धुञ्चेमा भएर बेलैमा भोटेकोशीको बाढीबारे थाहा पाएँ, मेरो एक कल फोनले परिवार र छरछिमेकमात्र होइन, टोलकै बासिन्दालाई बचाउन सकें ।' मानिस सुरक्षित भए पनि टोलका कुनै घर बाँकी नरहेका उनले बताए ।

पाँच जनाको परिवार बाढीबाट जोगिएकामा वीरबहादुर औधी खुसी छन् । उनले भने, 'सम्पत्ति त फेरि फेरि पनि जोड्न सकिएला, जीवन त कहाँ पाउनु ?' श्रीमान् वीरबहादुरको फोनले धेरैको ज्यान बचाउन सकिएमा गंगा पनि खुसी छिन् ।

'खेतबाट निकै बेरसम्म बाढी आयो भनेर चिच्याएँ, धेरैले त सुरुआतमा विश्वासै गरेनन्,' उनले भनिन्, 'टिमुरे र स्याफ्रुबेँसी पूरै बगायो भनेपछि सबै भाग्न थाले ।' उनले चिन्तित हुँदै दुःखले जोडेको करिब १० तोला सुन र १४ लाख रूपैयाँ भने बाढीबाट जोगाउन नसकेको बताइन् । उनले केही वर्षअघि लाखौं रूपैयाँ खर्चेर एक तले पक्की घर बनाएकी थिइन् । तत्काल एक तला थप्ने सोचमा थिइन् उनी ।

'गहना र पैसा लिएरै भाग्न खोजेको भए परिवारै बग्थ्यो,' गंगाले भनिन्, 'तर, मैले त्यसलाई आफ्नो ज्यान र छोराछोरीभन्दा प्यारो ठानिन, त्यसैले त आज नयाँ जीवन पाएँ ।' गरगहना र पैसा जोगाउन खोज्दा धेरैले ज्यान गुमाएका उनको अनुभव छ । भैंसेमा पनि सुन र



नगद घरबाट निकाल्न खोज्दा कतिलाई बाढीले बगाएको उनले बताइन् ।

आफ्नो र वीरबहादुरकोसहित १० जनाको परिवारमात्र होइन आफू बस्दै आएको टोलका करिब ३० परिवारलाई भाइको एक कलले बाढीबाट जोगाउन सकिएको दाजु रमेश गुरुङले जानकारी दिए । उनले भैंसेमा खानाखाजाको पसल सञ्चालन गर्दै आएका थिए । उनको व्यापार राम्रै चलेको थियो । त्यसबेला रसुवागढी नाका किनमेल गर्न, कैलाश मानसरोवर तथा गोसाइँकुण्ड तीर्थाटन गर्न जानेहरूको निकै भीडभाड थियो । रमेशलाई बिहानदेखि रातिसम्म एकछिन फुर्सद हुँदैनथ्यो ।

'पसलमा धेरै ग्राहक आएका थिए, खाना बनाउँदै थिएँ, एक्कासि भाइको फोन आयो । सबैलाई बाढी आयो भन्दै भाग्न भनें,' रमेशले त्यो क्षण सम्झिँदै भने, 'धेरैले विश्वास नै गरेनन्, विश्वास नगर्नेहरूलाई बाढीले बगायो ।' बाढी भैंसे पुग्दासम्म रमेश चिच्याइरहे । वीरबहादुरले धुञ्चेबाट फोन गरेपछि बाढी भैंसे पुग्न करिब आधा घण्टाजति लागेको उनको ठम्याइ छ ।

ज्यान जोगाउन त्यो पर्याप्त समय रहेको रमेशले बताए । समय सदुपयोग भने आफ्नो कुरा पत्याउनेको हकमामात्रै लागू भएको उनले अनुभव सुनाए । अन्यत्रभन्दा भैंसेमा मानवीय क्षति कम भएको रमेशले बताए । तर बाढीबाट ज्यान गुमाउनेको यकिन तथ्यांक उनीसँग पनि छैन । 'बाँचेकाहरूसँग पनि यसबीचमा थोरै जनासँग भेट भएको छ, अरु त को कता भागे अत्तोपत्तो छैन,' उनले भने ।

रमेशले भैंसेमा झण्डै एक करोड रूपैयाँ लगानीमा घर बनाएका थिए । त्यसैमा खानाखाजाको पसल चलाउँदै आएका थिए । 'अहिले व्यापारको याम हो, दैनिक २०-२५ हजार रूपैयाँको कारोबार हुन्थ्यो,' उनले भने, 'यो यामको तीन-चार महिनाको कमाइले वर्षभरि खान, लगाउन र छोराछोरी पढाउन पुगेको थियो । झण्डै ४० लाख रूपैयाँजति घर बनाउँदाको ऋण बाँकी नै थियो ।'

रमेशको जेठो छोरा काठमाडौंमा पढ्छन् । अर्को छोरा भैंसेमा चण्डेश्वरी माविमा पढ्छन् । विद्यालय गएको छोरालाई उनले झण्डै चार घण्टापछि मात्र भेट्टाए । 'स्कुलकै साथीहरूसँग भागेको रहेछ, बाढीले बगायो कि भन्ने चिन्तामै थिएँ, पछि त सम्पर्कमा आयो,' उनले भने । श्रीमतीले मोबाइल लिन घरभित्र पस्न खोजे पनि आफूले जान नदिँदा ज्यान जोगिएको रमेशले बताए ।

वीरबहादुर र रमेशको परिवार पनि यतिबेला शोकमा डुबेको छ । उनीहरूको परिवारकी एक सदस्य तेराना तामाङलाई भने बाढीले बगायो । उनी त्रिशूली अस्पतालमा नर्स थिइन् । तर अघिल्लो राति उनी शोलेस्थित घर गएकी थिइन् । अर्को बिहान घरबाट अस्पताल पुग्नै पाइनन् । 'सबै शोकमा छन्, एकले अर्कोलाई हेरेर चित्त बुझाउनु परिरहेको छ,' रमेशले भने ।

यही भदौ १० गते भोटेकोशीमा बाढी गएपछि नुवाकोटको अति प्रभावित क्षेत्र भैंसेका १५० जना विस्थापितलाई नजिकैको सुरक्षित स्थानमा 'होल्डिङ सेन्टर'मा राखिएको रमेशले बताए । उनीसहित छ परिवार भने भैंसेमाथिको गैरीखर्कमा आफन्त कहाँ आश्रय लिएर बसेको छ । सरकारले विस्थापितलाई राहत सामग्री उपलब्ध गराइरहेको उनले जानकारी दिए ।

'म दिनहुँ होल्डिङ सेन्टरमा गइरहन्छु, खानेकुराको कुनै कमी छैन, विभिन्न निकायले दैनिक राहत सामग्री दिइरहका छन्,' रमेशले भने, 'यसरी लामो समयसम्म बस्न सकिने अवस्था छैन, सरकारले उचित बसोबासको व्यवस्था गरिदिए हुन्थ्यो, पानी निरन्तर परिरहेकाले बास बस्नेलाई समस्या छ ।' बाढीका कारण विस्थापित भएकाहरूलाई मुख्यतया छोराछोरीको पढाइको चिन्ताले सताएको उनको भनाइ छ । बालबालिका, महिला, परिवारका सदस्य गुमाएकालगायत विस्थापित सबैलाई मनोपरामर्शको खाँचो देखिएको उनले बताए ।

विदुर नगरपालिका-१० का वडाध्यक्ष गणेशकुमार नेपालले बाढीबाट आफ्नो वडा अत्यधिक प्रभावित भएको बताए । उनका अनुसार सो वडामा बाढीबाट २५६ परिवारका एक हजार २०० जना प्रभावित भएका जानकारी दिए । उनका अनुसार बाढीमा परेर २३९ जना बेपत्ता भएका छन् । वडाध्यक्ष नेपालले विस्थापित भएकाहरूलाई गेल्फुटारस्थित सुन्दरीकेउरिनी माविमा राखिएको छ । बाढीमा परेर स्थानीय उत्तरगया बोर्डिङ स्कुलका अनुमानित २०० विद्यार्थी बेपत्ता भएका उनले बताए । उनका अनुसार बेपत्ताको तथ्यांक संकलन भइरहेको छ ।

प्रभावित विद्यार्थीलाई नजिकका सुरक्षित विद्यालयमा पढ्न पठाउन उनीहरूका अभिभावकलाई सुझाव दिइएको वडाध्यक्ष नेपालले बताए । विदुर नगरपालिकाले बाढी विस्थापित प्रत्येक परिवारलाई तत्कालका लागि १० हजार रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको उनले उल्लेख गरे । विभिन्न संघसंस्था तथा अन्य निकायले पनि आर्थिक सहयोग गरिरहेको भन्दै उनले सबैप्रति आभार व्यक्त गरे ।

सरकारले बसोबासका लागि उचित व्यवस्था नगर्दासम्म सो वडाका विस्थापितलाई सुरक्षित स्थानमा बसोबास गर्न सुझाव दिँदै वडाध्यक्ष नेपालले त्यसका लागि आर्थिक अभाव हुन नदिने प्रतिबद्धता व्यक्त गरे । *रासस*

# प्रभाव दैनिक

बुधबार, २४ भदौ २०८३ (Wednesday, 09 September 2026)


रूपशाला

## 'माया बस्छ कि के हो' असोज २ बाट प्रदर्शनमा

फिल्म हो 'माया बस्छ कि के हो !' असोज २ गतेबाट प्रदर्शनमा आउने भएको छ । निर्माण युनिटले फिल्मको ट्रेलर सार्वजनिक गर्दै प्रदर्शन मिति जानकारी दिएको हो । ट्रेलरमा अभिनेता सोनाल लामा र कस्मता निरौला मुख्य भूमिकामा देखिएका छन् । ट्रेलरले अध्ययन तथा रोजगारीका लागि बिदेसिएका युवा युवतीको प्रेम प्रसंग,सम्पूर्ण तथा मतभेदको कथा देखाउँछ । राजु अधिकारीको निर्देशन रहेका फिल्म युरोपको बेल्जियम, स्वीजरल्याण्ड, नेदरल्याण्ड र स्वदेशमा खिचिएको हो । शरद अधिकारी र  बहादुर सिंह तामाङ निर्माता रहेको फिल्ममा  रामप्रसाद चौधरीले सम्पादन छ ।



# बिजु पार्कीको 'अन्तिम दाउ' घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नयाँ नेपाली चलचित्र 'अन्तिम दाउ' को औपचारिक घोषणा गरिएको छ । निर्माण पक्षले चलचित्रको थिम र मुख्य कलाकारहरूको क्यारेक्टर लुक्स झल्काउने दुईवटा फरक 'फर्स्टलुक' पोस्टर सार्वजनिक गर्दै चलचित्रको निर्माण सुरु भएको जानकारी दिएको हो ।

फ्रेम इन मोसन पिक्चर्सको प्रस्तुति रहने यो चलचित्रलाई बिजु पार्कीले निर्देशन गर्ने छन् । यो उनको डेब्यू निर्देशन हो । पोस्टरहरूले चलचित्र एक्सन र थ्रिलर जनरमा आधारित रहेको सङ्केत गरेको छ । सार्वजनिक गरिएको पहिलो पोस्टरमा ६ जना मुख्य कलाकारहरूलाई एउटै लाइनमा देखाइएको छ । पोस्टरको पृष्ठभूमिमा घना जंगल र पहाडको दृश्य छ, जसले कथाको परिवेश कुनै दुर्गम वा जंगली क्षेत्रसँग जोडिएको बुझाउँछ ।

यस पोस्टरमा कलाकारहरूको अनुहारमा चोट र रगत लत्पत्तिएको छ । उनीहरूको गम्भीर र आक्रामक भावले चलचित्रमा ठुलो द्वन्द्व रहेको देखाउँछ । पोस्टरको दुई किनारामा रहेका कलाकारहरू कविता नेपाली र निश्चल प्रधान भने रहस्यमयी ढंगले मुस्कुराइरहेका देखिन्छन्, जसले कथामा उनीहरूको भूमिका फरक वा षड्यन्त्रकारी हुनसक्ने अनुमान लगाउन सकिन्छ ।

त्यस्तै, दोस्रो पोस्टर अझ बढी रहस्यमयी छ । यसमा रातो रंगको एउटा




ठाडो पट्टीमा '२०२७' लेखिएको छ । यो अंकले चलचित्रको कथा भविष्यको समयमा आधारित रहेको वा प्रदर्शन मिति सम्बन्धित रहेको संकेत गर्छ ।

यस पोस्टरमा कविता र निश्चलको अनुहारलाई केन्द्रमा राखेर बाँकी चार कलाकारलाई तलको भागमा राखिएको छ ।

कविता नेपाली र निश्चल प्रधानको हाफ लुक्स बडी देखाइएको उक्त पोस्टरमा जहाँ उनीहरूको जबरजस्त हासो छ । बाँकी चार कलाकार विजय लामा, अर्पण थापा, शुशांक मैनाली र पेमा दावा लामा छन् । उनीहरूको अनुहारमा रगत बगिरहेको चोट छ ।

विजय लामा, अर्पण थापा, कविता नेपाली, शुशांक मैनाली, निश्चल प्रधान, पेमा दावा लामा र  बिमल पुरीको मुख्य अभिनय रहने चलचित्रको सह-निर्माता सुवास तामाङ, कर्मा लामा र पासाङ नोर्बु शेर्पा रहेका छन् । कार्यकारी निर्मातामा रमेश शाही ठकुरी, शिशिर पार्की छन् । प्रोजेक्ट एडभाइजरमा गजित विष्ट र सरिता गिरी छन् । प्रोडक्सन म्यानेजरमा सरोज श्रेष्ठ छन् ।

चिफ असिस्टेन्ट डिरेक्टरमा अनिश बुढाथोकी, असिस्टेन्ट डिरेक्टरमा मार्लोभ ढुंगाना, अनिता स्याङ्बो र विशाल बुढा छन् । कलरिस्ट कुणाल कुँवर छन् । एक्सनमा राजु डोङ, भिएफएक्समा सज्जल लोप्चन, मेकअप र कस्ट्युम डिजाइनर ज्योति केसीको रहनेछ ।

रामप्रसाद चौधरीको सम्पादन रहने चलचित्रमा डीओपी संगम राईको रहनेछ । श्रीराम बालाजी फिम्सको वितरण रहने सिनेमाको पब्लिसिटी पार्टनरमा टौवा स्टुडियो रहेको छ । निर्माण पक्षका अनुसार चलचित्रको छायांकन छिट्टै सुरु हुनेछ ।

रंगशाला

# अस्ट्रेलियाबाट बाढीपीडितका लागि ३३ लाखभन्दा बढी राहत



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका बाढीपीडितको सहयोगार्थ अस्ट्रेलियाको वाल्चामा आयोजित राहत अभियानबाट २१ हजार ९ सय ५० अमेरिकन डलर  (करिब ३३ लाख १६हजार ४ सय ४० नेपाली रूपैयाँ) संकलन भएको छ । वाल्चास्थित एप्स्ली आर्म्स होटलका निर्देशक गणेश सेढाईंको पहलमा क्यान्डल लाइट, र्‍याफल तथा अक्सन कार्यक्रम आयोजना गरी उक्त रकम जुटाइएको हो ।

उक्त उठेको रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा समेत गरिसकेका छन् । नेपालमा गत भदौ १० गते आएको विनाशकारी बाढीबाट ठूलो जनधनको क्षति भएपछि नेपाली समुदायले प्रभावित परिवारको सहयोगका लागि अभियान सुरु गरेको फिल्म निर्देशक शोभित बस्नेतले जानकारी दिए । २५० भन्दा बढी नेपाली तथा स्थानीय अस्ट्रेलियालीहरूको सहभागिता रहेको उक्त कार्यक्रममा वाल्चा काउन्सिलका मेयर एरिक नोभाकसले विपत्तिप्रति दुःख व्यक्त गर्दै स्थानीय बासिन्दालाई सहयोगका लागि आह्वान गरेका थिए ।

अभियानलाई प्रभावकारी बनाउन निर्देशक बस्नेत र सिड्नी निवासी व्यवसायी सन्तोष तिवारीले विशेष समन्वय तथा सक्रिय भूमिका निर्वाह गरेका छन् । कार्यक्रममा खुकुरी र थैलीजस्ता नेपाली मौलिक सांस्कृतिक सामग्री प्रदर्शन तथा बिक्रीका साथै र्‍याफल र अक्सन सञ्चालन गरिएको थियो ।

अभियानमा वाल्चा कम्युनिटी, वाल्चा मेन्स सेड, अक्स्ली राइडर्स, रोटरी क्लब, लायन्स क्लबका साथै टामवर्थ र आर्मिडेलका नेपाली समुदायले समेत ऐक्यबद्धता जनाएका थिए । आयोजक सेढाईंले संकलित रकम रकम मात्र नभई दुई देशका समुदायबीचको मानवीय ऐक्यबद्धताको प्रतीक भएको बताउँदै सहयोग पुर्‍याउने सम्पूर्ण स्थानीय व्यवसायी, संस्था एवं सहभागीहरूप्रति आभार व्यक्त गरेका छन् ।

एसिसी प्रिमियर कप

# फाइनल प्रवेशका लागि नेपाल र ओमान भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी प्रिमियर कप २०२६ अन्तर्गत समूह 'ए'को फाइनल प्रवेशका लागि नेपालले ओमानसँग भिड्ने भएको छ । मंगलबार समूह चरणको अन्तिम खेलमा नेपाल हङकङसँग १५ रनले पराजित भए पनि समूह विजेता हुँदै दोस्रो चरणमा प्रवेश गरेको थियो । मलेसियाको क्वालालम्पुरस्थित बायुमास क्रिकेट ओभलमा हङकङले दिएको २६२ रनको चुनौतीपूर्ण लक्ष्य नेपालले पछ्याउन सकेन । ४९.१ ओभरमा सबै विकेट गुमाएको नेपालले मात्र २४६ रन जोड्न सक्यो ।

नेपालका लागि चौथो नम्बरका ब्याटर इशान पाण्डेको ९० रनको पारी व्यर्थ रह्यो । उनले १०६ बलमा ६ चौका र दुई छक्का प्रहार गरे । त्यस्तै आसिफ शेखले ४४, दीपेन्द्रसिंह ऐरिले २५, करण केसीले २१ र गुल्सन झाले २० रन जाडे ।



हङकङका लागि अैजज खानले चार र कप्तान यासिम मुर्तजाले दुई विकेट लिए । यस्तै, अतिक इक्बाल, नस्रुल्ल राना र किञ्चित शाहको नाममा समान एक विकेट रह्यो ।

त्यसअघि टस जितेर ब्याटिङमा उत्रिएको हङकङले ५० ओभरको समाप्तिमा सात विकेट गुमाउँदै २६१ रनको योगफल खडा गरेको थियो । हङकङका लागि तेस्रो नम्बरका बाबर हायातले अविजित ११७ रनको शतकीय पारी खेले । त्यस्तै मध्यक्रमका शाहिद वासिदले ४५ तथा तल्लोक्रमका इसान खानले ३५ रनको योगदान गरे । यसबाहेक ओपनरहरू जीसन अली र अशुंमन रथले क्रमशः १५ र १३ रन जोडे ।

नेपालका लागि कप्तान सन्दीप लामिछानेले चार तथा शेर मल्लले तीन विकेट लिए ।

हारका बावजुद चार खेलमा ६ अंक जोड्दै नेपाल समूह विजेताको हैसियतले सेमिफाइनल पुगेको छ । समान अंक भएता पनि नेट रनरेटमा पछाडि पर्दा हङकङ समूह उपविजेता बन्यो ।

# बाढीपीडितलाई मनाङ समाजको ३५ लाख सहयोग

■ प्रभाव संवाददाता

**काठमाडौं–** मनाङ समाज सेवा समितिले रसुवाको भोटेकोशीमा आएको बाढीबाट प्रभावित परिवारको सहयोगका लागि ६४ लाख २७ हजार रूपैयाँ संकलन गरेको छ ।

मनाङ मर्स्याङ्दी क्लबको माउ संस्थाले संकलित रकममध्ये केही हिस्सा सरकारी राहत कोषमा जम्मा गरिसकेको छ । बाँकी रकमबाट प्रभावित परिवारलाई प्रत्यक्ष राहत उपलब्ध गराउने तयारी गरिएको छ ।

समाजका अध्यक्ष जाम्लिङ घलेका अनुसार अभियानबाट संकलित रकममध्ये ३५ लाख रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरिएको हो ।

यसैगरी, ङिस्याङ मनाङ वमेन सोसाइटीले छुट्टै रूपमा ५ लाख रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा जम्मा गरेको छ । समाजले बाँकी रकमबाट प्रभावित परिवारसम्म प्रत्यक्ष सहयोग पुर्‍याउने योजना बनाएको छ । आगामी बुधबार उपाध्यक्ष मबहादुर गुरुङको नेतृत्वमा टोली रसुवाको प्रभावित क्षेत्रमा जाने तयारीमा छ ।

समाजका अनुसार करिब २०० परिवारलाई लक्षित गरी टोलीले मेडिकल सामग्री तथा दैनिक उपभोग्य वस्तु लिएर जानेछ ।

## टेबल टेनिस टोली थाइल्यान्डमा

**काठमाडौं (प्रस)–** डब्लुटीटी युथ कन्टेन्डर बैंककमा सहभागी हुन ६ खेलाडीसहित ७ सदस्यीय नेपाली टेबल टेनिस टोली मंगलबार थाइल्यान्डको बैंकक पुगेको छ । टोली मंगलबारै थाइल्यान्ड प्रस्थान गरेको हो । सेप्टेम्बर ९ देखि १२ तारिखसम्म फेसन आइल्यान्ड बैंककमा हुने प्रतियोगितामा २ बोइज तथा ४ गर्ल्स खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

बोइजमा सुगम पौडेल र निरभ महर्जन तथा गर्ल्समा सुस्मिता खड्का, प्राज्ना महर्जन, उरवी सुवाल र आभा प्रधान रहेका छन् । खेलाडीले यु-१९ गर्ल्स सिंगल्स, यु-१७ बोइज सिंगल्स, यु-१५ बोइज/गर्ल्स सिंगल्स, यु-१३ गर्ल्स सिंगल्स र यु-१५ मिक्स डबल्समा सहभागिता जनाउने छन् ।

टोलीको प्रशिक्षकमा राकेश महर्जन छन् । प्रशिक्षक महर्जनका अनुसार प्रतियोगितामा २६ राष्ट्रको सहभागिता रहेको छ ।

## मधेसको पहिलो जित, खप्तडले फेरि हार्‍यो

**काठमाडौं (प्रस)–** मधेश वारियर्सले नेपाल भलिबल लिगमा पहिलो जित हात पारेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा मंगलबार सम्पन्न खेलमा मधेशले खप्तड फालकन्सलाई ३-० को सोझो सेटमा पराजित गरेको हो ।

मधेशले खेल २५-२१, २५-२० र २५-२३ ले आफ्नो पक्षमा पार्‍यो। योसँगै मधेशले ४ खेलबाट ४ अंक जोडेको छ । खप्तडको भने यो तेस्रो हार हो । अंकविहीन रहेको यो टोली पुछारमा छ ।

## एनभिएलले बाढीपीडितलाई दियो करिब ६ लाख रूपैयाँ

**काठमाडौं (प्रस)–** नेपाल भलिबल लिग (एनभीएल) को पहिलो दिनको टिकट बिक्रीबाट संकलन भएको रकम ५ लाख ९० हजार १ सय ५० रूपैयाँ बाढी पीडितको सहयोगार्थ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको छ ।

लिग सुरु हुन अघि नै आयोजक केडिया ग्रुपले रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण पीडितलाई पहिलो दिनको टिकट बिक्रीबाट संकलन हुने सम्पूर्ण रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने प्रतिबद्धता जनाएको थियो । सोही प्रतिबद्धता अनुरूप ५ लाख ९० हजार १ सय ५० रूपैयाँ कोषमा जम्मा गरिएको हो । केडिया ग्रुपका अध्यक्ष विमलकुमार केडियाले उक्त रकम बराबरको चेक अर्थमन्त्री स्वर्णिम वाग्लेलाई सिंहदरबार हस्तान्तरण गरे ।


**प्रभु होल्डिङ्गस एण्ड हाईड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड को**

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति भाद्र २४, २०८३, बुधबार ।**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भाद्र १७, २०८३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफैं उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरि पठाई भाग लिनु हुन सम्पूर्ण शेयरधनी महानुभावज्यूहरूलाई अनुरोध गर्दछौं ।

**तपसिल**

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : आश्विन ११, २०८३ ।

**समय** : दिनको १:३० बजे ।

**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ३२, काठमाडौं ।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरू :**

(क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. कम्पनीको सञ्चालक समितिबाट भए गरेका कार्यहरु अनुमोदन सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु :

१. यस कम्पनीको प्रबन्धपत्रको दफा ४, १२ र नियमावलीको नियम १९, ३३ र ४६ संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा हुने संशोधनमा नियमक निकायबाट हुने निर्देशन बमोजिम आवश्यक थपघट तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

(ग) विविध ।

**नोट :**

१) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको कार्यालयमा सर्म्पक राख्न सकिनेछ ।

**कम्पनी सचिव**

PRABHU

**प्रभु होल्डिङ्गस एण्ड हाईड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड**

का.जि.का.म.न.पा.वडा नं.-३२, काठमाडौं ।

फो.नं. ०१५९१२८७३,०१५९१२८७४

www.holdingsprabhu.com



**कतारमा रोजगार**

कम्पनी : MARIAS BEAUTY SALOON

पूर्व स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 347571 | चलानी नं. ६०२६०८२२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रु. | | | | | | | |
| 1 | Dry Clean Labor | 0 | 2 | 1000 | ४१,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | beautician | 0 | 1 | 1700 | ७०,४५६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Dar Al-Khaleej | श्रम ईजाजत नं. ५५७/०६२/६३

**DAR AL-KHALEEJ OVERSEAS MANPOWER CONCULTANT**

Sambhu Marg, Airport, Kathmandu, Nepal, Contact no.: 01- 4569996, 9804821491, 9801041130

Email: recruitment@daralkhaleej.org, Web: www.daralkhaleej.com.np



**मलेसियामा रोजगार**

कम्पनी : XINSHENG SOFA INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८३/०२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 342815 | चलानी नं. ६०२५६१४७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रु. | | | | | | | |
| 1 | furniture Production operator | 11 | 0 | 1700 | ६३,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81

**STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD**

Tokha -07, Basundhara, Kathmandu, Nepal

(Anita Nepal) 9709459391, E-mail : strikeforceasiarecruitment@gmail.com



**युएइमा रोजगार**

कम्पनी : TIDY LIFE CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/१०/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२३ | LT. No. 337332 | चलानी नं. ६०२५०८२१

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रु. | | | | | | | |
| 1 | Cleaner worker | 15 | 13 | 1000 | ४१,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ ३१ गते (16th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२३०/०७४/०७५


**Career Development Human Resource Pvt. Ltd.**

Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, 9823299967, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com



**सडकमा भेडाको बथान** | चीनको तिब्बत स्वायत्त क्षेत्रको शिगात्सेमा आइतबार भेडाको बथानलाई सडकबाट टाढा डोऱ्याउँदै एक गोठाला । *तस्बिरः एपी*

# चीनको व्यापार वृद्धि तीव्र



**बेइजिङ–** चीनको आयात-निर्यात अगस्टमा उल्लेख्यरूपमा बढेको छ । विश्वव्यापी कृत्रिम बौद्धिकता (एआई) प्रविधिको विस्तारसँगै सेमिकण्डक्टर, कम्प्युटिङ हार्डवेयरलगायत प्रविधिजन्य वस्तुको माग बढ्दा चिनियाँ व्यापारले गति लिएको हो ।

भन्सारको सामान्य प्रशासनका अनुसार अगस्टमा चीनको निर्यात २५ प्रतिशतले बढेको छ । जुलाईमा यस्तो वृद्धि २३.९ प्रतिशत थियो । आयात पनि २८.२ प्रतिशतले बढेको छ । यो जुलाईको २७.५ प्रतिशतभन्दा बढी हो ।

घरेलु आर्थिक गतिविधि सुस्त भइरहेका बेला बलियो बाह्य व्यापार चीनको अर्थतन्त्रका लागि महत्त्वपूर्ण आधार बनेको छ । जनवरीदेखि अगस्टसम्म कम्प्युटर तथा सम्बन्धित सामग्रीको निर्यात मूल्य ४९.४ प्रतिशतले बढेको भन्सार तथ्यांकले देखाएको छ । पिनपोइन्ट एसेट म्यानेजमेन्टका अध्यक्ष तथा प्रमुख अर्थशास्त्री झिवेइ झाङले चीनले अर्थतन्त्रलाई सहयोग गर्न निर्यातमा निर्भरता कायम राखेको बताए । तर प्रमुख व्यापारिक साझेदारसँग बढ्दो व्यापार अधिशेष राजनीतिक विषय बन्दै गएको उनले उल्लेख गरे ।

अमेरिकातर्फ चीनको निर्यात अगस्टमा ३४.४ प्रतिशतले बढेको छ । जुलाईमा यस्तो वृद्धि १७ प्रतिशत थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच यसै महिना हुने अपेक्षित शिखर बैठकअघि व्यापारसम्बन्धी यो तथ्यांक सार्वजनिक भएको हो ।

गत वर्ष ट्रम्प प्रशासनले व्यापक भन्सार शुल्क लगाएपछि अमेरिका-चीन व्यापार सम्बन्धमा तनाव बढेको थियो । दुर्लभ खनिजको आपूर्ति चीनले सीमित गरेपछि दुवै देशले एकअर्काका वस्तुमा लगाएका उच्च शुल्क गत वर्षको अन्त्यतिर अस्थायीरूपमा खुकुलो पारिएका थिए ।

यसअघि विश्वव्यापी व्यापारमा उतारचढावका बाबजुद चीनले गत वर्ष ११० खर्ब अमेरिकी डलरको कीर्तिमानी व्यापार अधिशेष हासिल गरेको थियो । युरोपेली संघ (इयू), दक्षिणपूर्वी एसिया र अफ्रिकातर्फको निर्यात वृद्धिले अमेरिकातर्फको निर्यातमा आएको गिरावटको प्रभाव कम गर्न मद्दत गरेको थियो । *रासस/एएफपी*

# दक्षिण कोरियाली अर्थतन्त्रको वृद्धिदर ४७ वर्षयताकै उच्च

**सियोल–** दक्षिण कोरियाको मुद्रास्फीतिसँग समायोजन गरिएको वास्तविक कूल गार्हस्थ्य उत्पादन दोस्रो त्रैमासिकमा अघिल्लो त्रैमासिकको तुलनामा ०.६ प्रतिशतले वृद्धि भएको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ ।

दोस्रो त्रैमासिकको आर्थिक वृद्धि जुलाई २३ मा सार्वजनिक गरिएको प्रारम्भिक अनुमानकै स्तरमा कायम रहेको हो । पहिलो त्रैमासिकमा अर्थतन्त्र १.८ प्रतिशतले तीव्ररूपमा विस्तार भएपछि दोस्रो त्रैमासिकमा पनि वृद्धि स्वस्थ स्तरमा स्थिर भएको छ । गत वर्षको अन्तिम त्रैमासिकमा भने वास्तविक कूल गार्हस्थ्य उत्पादन ०.१ प्रतिशतले घटेको थियो ।

निर्यातमा आधारित दक्षिण कोरियाली अर्थतन्त्रको प्रमुख आधार मानिएको निर्यात अप्रिलदेखि जुनसम्मको अवधिमा अघिल्लो त्रैमासिकको तुलनामा १.३ प्रतिशतले बढेको छ । अर्धचालक, मेसिनरी तथा उपकरणको बलियो मागका कारण निर्यात वृद्धि भएको हो । सोही अवधिमा मोटरगाडी तथा औद्योगिक उपकरणको खरिद बढेसँगै आयात पनि ०.७ प्रतिशतले वृद्धि भएको छ ।

यस अवधिमा निजी उपभोग ०.४ प्रतिशतले बढेको छ । वस्तु तथा सेवाको उपभोगमा भएको वृद्धिले निजी खर्च बढाउन सहयोग गरेको हो । स्वास्थ्य बिमा सुविधामा सरकारी खर्च बढेका कारण सरकारी खर्च पनि ०.१ प्रतिशतले वृद्धि भएको छ । अनुसन्धान तथा विकास र सफ्टवेयर विकासमा भएको वृद्धिका कारण बौद्धिक सम्पत्ति क्षेत्रमा लगानी ३.४ प्रतिशतले बढेको छ ।

मेसिनरी, विशेषगरी अर्धचालक उत्पादनमा प्रयोग हुने उपकरणमा लगानी विस्तार भएपछि औद्योगिक संरचना तथा उपकरणमा लगानी ०.२ प्रतिशतले बढेको छ । तर निर्माण तथा पूर्वाधारसम्बन्धी आयोजनामा सुस्तता आएका कारण निर्माण क्षेत्रमा लगानी ०.१ प्रतिशतले घटेको छ ।

दोस्रो त्रैमासिकमा नाममात्रको कूल गार्हस्थ्य उत्पादन अघिल्लो त्रैमासिकको तुलनामा ९.२ प्रतिशतले वृद्धि भएको छ । वार्षिक आधारमा हेर्दा दोस्रो त्रैमासिकमा नाममात्रको कूल गार्हस्थ उत्पादन २६.४ प्रतिशतले बढेको छ । यो सन् १९७९ को तेस्रो त्रैमासिकयताकै अर्थात् ४७ वर्षयताकै उच्च वृद्धि दर हो ।

देशभित्र र विदेशमा व्यक्ति तथा व्यवसायले आर्जन गरेको कूल आम्दानी मापन गर्ने नाममात्रको कूल राष्ट्रिय आम्दानी पनि अप्रिलदेखि जुनसम्मको अवधिमा अघिल्लो तीन महिनाको तुलनामा ८.८ प्रतिशतले बढेको छ । देशभित्र उत्पादन भएका सबै वस्तु तथा सेवाको मूल्यमा भएको परिवर्तन मापन गर्ने कूल गार्हस्थ उत्पादन मूल्य सूचकांक दोस्रो त्रैमासिकमा वार्षिक आधारमा २१.९ प्रतिशतले बढेको छ । *रासस/सिन्ह्वा*

# जापानी चिप रसायनमा चीनको शुल्क

**बेइजिङ–** चीनले जापानबाट आयात हुने सेमिकण्डक्टर निर्माणमा प्रयोग हुने डाइक्लोरोसिलेनमा मंगलबारदेखि अस्थायी एन्टि-डम्पिङ शुल्क लगाएको छ । चिनियाँ वाणिज्य मन्त्रालयले जापानी कम्पनीबाट भएको डम्पिङले चीनको घरेलु उद्योगलाई क्षति पुगेको प्रारम्भिक प्रमाण भेटिएको जनाएको छ ।

अधिकांश जापानी कम्पनीका लागि शुल्क दर ९९.२ प्रतिशत तोकिएको छ भने डेनल सिलेनका लागि ८०.८ प्रतिशत निर्धारण गरिएको छ । गत जनवरीमा सुरु गरिएको अनुसन्धानपछि चीनले यस्तो कदम चालेको हो ।

जापानका मुख्य क्याबिनेट सचिव मिनोरु किहाराले चीनको निर्णयप्रति कडा विरोध जनाउँदै उपाय फिर्ता लिन आग्रह गरिएको बताए । जापानले चीनका निर्यात नियन्त्रणसम्बन्धी कदमको उचित जवाफ दिने उनले बताए ।

चीनको यो निर्णय जापान र चीनबीच ताइवानलगायतका विषयमा पछिल्लो समय देखिएको कूटनीतिक मतभेदकाबीच आएको हो । चिनियाँ मन्त्रालयले अस्थायी शुल्क कहिलेसम्म कायम रहने वा अन्तिम निर्णय कहिले हुने भन्ने समयसीमा तोकेको छैन । *रासस/एएफपी*

# ह्यारी–मेघनको शाही हैसियत यथावत्



**लण्डन–** बेलायतका राजा चार्ल्स तृतीयले राजकुमार ह्यारी र उनकी पत्नी मेघन बेलायत फर्किए पनि उनीहरूको शाही परिवारसँगको सम्बन्ध यथावत् रहने स्पष्ट पारेका छन् । तर, सन् २०२० मा शाही जिम्मेवारीबाट अलग भएजस्तै उनीहरूले शाही उपाधि प्रयोग नगर्ने र परोपकारी काम निजी हैसियतमा गर्ने जनाइएको छ ।

राजाकातर्फबाट वरिष्ठ सरकारी अधिकारीलाई पठाइएको पत्रमा दम्पतीको सुरक्षा व्यवस्थासम्बन्धी निर्णय सम्बन्धित प्रहरी निकायले गर्ने उल्लेख छ । शाही घरानाका वरिष्ठ अधिकारी लर्ड चेम्बरलेनले सरकार, सेना तथा देशभर राजाका प्रतिनिधि रहेका लर्ड लेफ्टिनेन्टहरूलाई पत्र पठाएका हुन् ।

पत्रमा कुनै शंका वा भ्रम नहोस् भनेर राजाको निर्देशनमा जानकारी साझा गरिएको उल्लेख छ । ह्यारी-मेघनको हैसियत यथावत् रहे पनि उनीहरूले शाही परिवारका काम गर्ने सदस्यसँग समानान्तर शाही संरचना बनाउनसक्ने आशंका दरबारका केही पर्यवेक्षकले गर्दै आएका छन् ।

शाही जिम्मेवारी त्यागेपछि हटाइएको सार्वजनिक कोषबाट प्राप्त हुने प्रहरी सुरक्षा पुनःस्थापनाका लागि ह्यारीले सरकारसँग लामो कानुनी लडाइँ लड्दै आएका छन् । दम्पतीलाई चौबीसै घण्टा प्रहरी सुरक्षा दिने वा नदिने निर्णय आरएभिइसी अर्थात् रोयल एण्ड भिआइपी कार्यकारी समितिले गर्ने छ ।

लर्ड चेम्बरलेनले औपचारिक सम्मान वा राज्यका निकायबाट दिइने विशेष व्यवहार तथा त्यसका लागि सार्वजनिक कोष प्रयोग गर्नुपर्ने विषयमा प्रश्न भए बकिंघम दरबारमा सम्पर्क गर्न स्पष्ट पारेका छन् । *रासस/एपी*

# इरानसँग युद्ध जिते तेल सस्तो हुने ट्रम्पको दाबी



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धमा अमेरिकाले विजय हासिल गरेपछि तेलको मूल्य तीव्ररूपमा घट्ने र पेट्रोलको मूल्य प्रतिग्यालन दुई अमेरिकी डलरभन्दा कम हुने दाबी गरेका छन् । ट्रम्पले मध्यपूर्वमा जारी सैन्य कारबाहीका कारण ऊर्जा लागत बढेको उल्लेख गर्दै युद्धपछि बजार स्थिर हुने बताए । उनले इरानलाई आणविक हतियार राख्न नदिने चेतावनीसमेत दिए ।

यसको जवाफमा इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले इरानको ऊर्जा पूर्वाधारमाथि आक्रमण नगर्न अमेरिकालाई चेतावनी दिएका छन् । उनले इरानी तेल तथा ग्यास क्षेत्रमा संलग्न अमेरिकी कम्पनीसमेत जोखिममा पर्ने बताए ।

यसैबीच, अमेरिकी युद्धमन्त्री पीट हेग्सेथले इरानले अमेरिकी जहाजमाथि आक्रमण गरे इरानी तेल टयांकर नष्ट गर्ने चेतावनी दिएका छन् । उनले इरानसँग प्रभावकारी नौसेना तथा वायुसेना नरहेको दाबी गर्दै अमेरिकी विमान, जहाज र पनडुब्बीले इरानी सैन्य तथा तेल पूर्वाधारमाथि प्रहार गर्न सक्ने बताए ।

अमेरिकी सेन्ट्रल कमाण्ड (सेन्टकम)ले तीन इरानी कच्चा तेल टयांकर आइआरजिसी र उसका क्षेत्रीय सहयोगीलाई आर्थिक सहयोग गर्ने अर्बौं डलरको 'छाया सञ्जाल' को हिस्सा रहेको दाबी गरेको छ । सेन्टकमका कमाण्डर एडमिरल ब्राड कुपरले आवश्यक परे इरानको तेल टयांकर बेडामाथि कारबाही गर्न अमेरिका पछि नहट्ने बताए । अमेरिकाले युद्धलाई विजय र ऊर्जा मूल्य घट्ने दाबीसँग जोडिरहँदा इरानले ऊर्जा पूर्वाधारमाथि आक्रमण भए कडा प्रतिकार गर्ने चेतावनी दिएको छ । बढ्दो तनावले विश्व ऊर्जा बजारमासमेत असर पर्नसक्ने चिन्ता बढेको छ । *रासस/एएनआई*

# रूससँग सम्बन्ध बलियो बनाउँदै उत्तर कोरिया

**सियोल–** उत्तर कोरियाले रुससँगको पहिलो सडक पुललाई दुई देशबीच बढ्दो सम्बन्ध र सहकार्यको प्रतीकका रूपमा प्रस्तुत गरेको छ । टुमेन नदीमाथि बनेको पुल सोमबार उद्घाटन गरिएको हो ।

उत्तर कोरियाली अधिकारी पाक थाई सङले पुल निर्माण सम्पन्न हुनु द्विपक्षीय सहयोगमा नयाँ गति थप्ने महत्त्वपूर्ण घटना भएको बताए । रुसी प्रधानमन्त्री मिखाइल मिशुस्टिनले पनि पुलले दुई देशबीचको सम्बन्ध थप सुदृढ बनाउने बताए ।

सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण सुरु गरेपछि मस्को र प्योङयाङबीच सैन्य तथा आर्थिक सहकार्य तीव्र भएको छ । उत्तर कोरियाले सन् २०२४ मा रुसको कुर्स्क क्षेत्रमा युक्रेनी सेनाविरुद्ध लड्न हजारौं सैनिक पठाएको थियो । दुवै देशले त्यही वर्ष पारस्परिक रक्षा सन्धि गरेका थिए ।

दक्षिण कोरियाको केन्द्रीय बैंकले उत्तर कोरियाको अर्थतन्त्र सन् २०२५ मा लगातार तेस्रो वर्ष तीन प्रतिशतभन्दा बढीले बढेको र रुससँगको आर्थिक सहकार्य त्यसको प्रमुख कारणमध्ये एक रहेको जनाएको छ । यसैबीच, युक्रेनी अधिकार समूह ट्रुथ हाउण्डले नयाँ पुल उत्तर कोरियाली सेना तथा सैन्य अधिकारीलाई रुस पठाउने मार्ग बन्न सक्ने र रुसी प्रविधि तथा स्रोत उत्तर कोरिया भित्र्याउनसमेत प्रयोग हुन सक्ने चेतावनी दिएको छ । *रासस/एएफपी*


**नेपाल विद्युत प्राधिकरण**
**प्रसारण निर्देशनालय**
**केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल**

**चावहिल–कपन गुम्बा १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाईन आयोजना ६.७५ कि.मि. डबल सर्किटको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सूचना**

**(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम (४) सँग सम्बन्धित)**

**(प्रकाशित मिति : २०८३/०५/२४ गते)**

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका र बुढानिलकण्ठ नगरपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं.: ९७७-०१-६६१८१७०, ईमेल : nea_ptl@nea.org.np |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित चावहिल-कपन गुम्बा १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाईन आयोजना काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं.७ मा अवस्थित चावहिल सबस्टेसनबाट सुरू भई बुढानिलकण्ठ नगरपालिका वडा नं. ९, ८ र १० हुँदै बुढानिलकण्ठ नगरपालिका वडा नं.११ मा अवस्थित कपन गुम्बा सबस्टेसन सम्म जानेछ । आयोजनाको भूमिगत प्रसारण लाइनमा १४ वटा जोइन्ट पिटहरु र हाल भैरहेको चावहिल सबस्टेसनमा १३२ के.भी. को दुई वटा लाइन वे समेत निर्माण गर्ने कार्य गरिनेछ । यस प्रसारण लाइनको कन्डक्टरको आकार ८०० वर्ग मिमि XLPE, भोल्टेज स्थर १३२ के.भी. (डबल सर्किट) हुनेछ । यस प्रसारण लाइनको भारवहन क्षमता ३०० मेगावाट रहेको छ । |
| **प्रभाव पर्ने प्रदेश/जिल्ला/न.पा./वडा नं.** | बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं., ७, बुढानिलकण्ठ नगरपालिका वडा नं.९, ८, १० र ११ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्ने भएकोले स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरूलाई उक्त प्रस्तावको कार्यान्वयनबाट सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ र सो बाट पर्ने नकारात्मक प्रभावको निराकरण र सकारात्मक प्रभावको बढोत्तरी गर्न के गर्न सकिन्छ भन्ने लगायतका विषयमा निम्न मिति, समय र स्थानमा आयोजना गरिने सार्वजनिक सुनुवाईमा उपस्थित भई आ-आफ्नो राय सुझाव उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम हुने मिति, समय र स्थान**

| मिति | समय | स्थान |
|---|---|---|
| २०८३/०५/३० गते, मंगलबार | दिउँसो ३:०० बजे | काठमाडौं महानगरपालिका वडा नं.७ को सभाहल, मित्र पार्क, काठमाडौं |
| २०८३/०५/३१ गते, बुधबार | दिउँसो १:०० बजे | बुढानिलकण्ठ नगरपालिका वडा नं.१० को सभाहल, आकाशेधारा, काठमाडौं |

**आयोजकः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं. ९७७-०१-६६१८१७०, ईमेलः nea_ptl@nea.org.np | वापकोस लिमिटेड<br>७६-सी, सेक्टर-१८, गुरागाउँ-१२२०१५, हरीयाना, भारत (स्थानीय कार्यालय बालकुमारी, ललितपुर, नेपाल)<br>इमेल : electrical@wapcos.co.in |

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३०५४०० | प्रति तोला – ० | प्रति तोला – ४७९० |

## कोरला नाकाबाट भित्रिन थाले सामान

■ प्रभाव संवाददाता

**मुस्ताङ–** उत्तरी कोरला नाकाबाट फलफूल बोकेको १० कन्टेनर भन्सारमा चेक जाँच गरी क्रमशः नेपाल भित्रिन थालेका छन् ।

गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनासकारी बाढीपछि रसुवा-केरुङ नाका बन्द भएपछि त्यहाँबाट पैठारी गरिने फलफूल कोरला नाकातर्फ फर्काउन थालिएको हो । केरुङ नाकाबाट फिर्ता आएका फलफूलका कन्टेनर कोरला नाकास्थित लिजीमा आइपुगेपछि नेपाली कन्टेनरले त्यहाँ पुर्याइएका फलफूल पल्टी गरी नेपाल भित्र्याउन थालेका हुन् ।

मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालका अनुसार कोरला नाकाबाट पहिलो पटक फलफूल नेपाल भित्रिन थालेको जानकारी दिए । आइतबार र सोमबार गरी दुई दिनमा कोरला नाकाबाट नेपाल भित्रिएका १० कन्टेनरको पैठारी भन्सार जाँचपास भई नेपालतर्फ आइरहेका छन् ।

रसुवागढी-केरुङ नाका र तातोपानी नाका पूर्णरूपमा बन्द भएपछि कोरला नाकाबाट कतिको सप्र्यामा केन्टेनर फर्काइएको हो, एकीन भइसकेको छैन । कोरला नाकास्थित लोमान्थाङ-४ न्हेचुङमा रहेको प्लान क्वारेन्टाइन कार्यालयका प्रतिनिधि बन्दना घर्तीमगरका अनुसार चीनबाट कोरला नाका हुँदै दुई दिनमा ड्रागन फुड नौ हजार ४५० केजी, आँप १५ हजार ४०० किलोग्राम, स्याउ सतासी हजार किलोग्राम, नासपाती २६ हजार १०० किलोग्राम र एभोकाडो (घीउ फल) आठ हजार किलोग्राम फलफूलको क्वारेन्टाइन कन्साइनमेन्ट चेकजाँच गरिएको बताए ।

केरुङबाट फर्काइएका फलफूलमध्ये ठूलो परिमाणमा स्याउ नेपाल भित्रिएको हो । कार्यालयमा फलफूल जन्य पदार्थको वैकल्पिक पैठारी गर्ने सुविधा छ । फलफूल परीक्षण गर्ने उपकरणको व्यवस्था भने अझै हुन सकेको छैन । साठीको दशकमा स्थापना भएको नेपाल-चीन उत्तरी कोरलास्थित प्लान क्वारेन्टाइन पहिलो पटक सञ्चालनमा आएको हो ।

उत्तरतर्फको केरुङ नाका र तातोपानी नाका बन्द भएपछि भन्सार विभाग र व्यवसायीको समन्वयमा त्यहाँ रोकिएका फलफूल कन्टेनर कोरलानाकातर्फ फर्काइएको हो । फिर्ता आएका फलफूल पैठारीका लागि भन्सार विभागको समन्वयमा प्लान क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले दुई जना वरिष्ठ बाली संरक्षण अधिकृतलाई लोमान्थाङस्थित क्वारेन्टाइन कार्यालयमा खटाइसकेको छ ।

## पोखरा–दुबई उडान दिगो बनाउने प्रतिबद्धता

■ प्रभाव संवाददाता

**गण्डकी–** पोखरेली पर्यटन व्यवसायीले आगामी असोज ७ (सेप्टेम्बर २३) देखि सुरु हुने पोखरा-दुबई सिधा हवाई उडानलाई दिगो रूपमा सञ्चालन गर्नका लागि बजारीकरण तथा प्रवर्द्धनमा सहयोग र सहकार्यको प्रतिबद्धता जनाएका छन् ।

पोखरा-दुबई नियमित उडानबारे नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) गण्डकीद्वारा पोखरामा आयोजित अन्तरक्रियामा पर्यटकीय राजधानी पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्ने गरी हुन लागेको यस उडानलाई प्रभावकारी र दिगो बनाउनुपर्नेमा जोड दिइएको हो ।

पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले फ्लाई दुबईको पोखरा उडानले यहाँको पर्यटन क्षेत्रले मात्र लाभ लिने नभई सिंगो गण्डकी प्रदेश र मुलुककै आर्थिक गतिविधिमा टेवा पुग्ने बताए । लामो प्रतिक्षापछि पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुन लागेकाले यसको सफलतामा पोखरेलीको भविष्य जोडिएको उनको भनाइ छ ।

अध्यक्ष भुजेलले पोखरा-दुबई हवाई उडानलाई सफल र दिगो बनाउन पोखरेली पर्यटन व्यवसायी एक्यबद्ध रूपमा लागिपर्ने बताए । नेपाल पर्यटन बोर्डका कार्यकारी सदस्य सन्तोष पोखरेलले पोखरा-दुबई उडानले सफल बनाउनु सम्बद्ध सबै पक्षको दायित्व भएको उल्लेख गरे । 'पोखरालाई विश्वास गरेर फ्लाई दुबई यहाँ आएको छ, हामी सबैले आ-आफ्नो ठाउँबाट साथ दिनुपर्छ', उनले भने ।

पहिलोपटक हुनलागेको यस उडानको दिगोपनाका लागि आउन सक्ने चुनौतीलाई सामाना गर्दै अवसरमा बदल्नुपर्ने उनले बताए । पर्यटकीय राजधानी पोखरालाई अन्तरराष्ट्रिय जगतमा पहिचान दिन फ्लाई दुबईको उडानले मद्दत पुग्ने उनको भनाइ छ । फ्लाई दुबईका नेपालस्थित महाप्रबन्धक नवराज शाहीले काठमाडौँभन्दा पोखराबाट हुने उडानमा टिकटको मूल्य पाँच हजारसम्म सस्तो रहेको बताए ।

उनले विश्वका १२० भन्दाबढी गन्तव्यमा फ्लाई दुबईले सिधा उडान गर्दै आएको जनाउँदै टिकट बुकिङमा सहयोग गर्न 'नाट्टा'सँग आबद्ध व्यवसायीलाई आग्रह गरे । महाप्रबन्धक शाहीले पोखरा-दुबई उडान प्रवर्द्धनका क्रममा यात्रु तथा साझेदार संस्थालाई छुटलगायतका सुविधा दिइने बताए । कार्यक्रममा फ्लाई दुबईका दक्षिण पूर्वीएसियाका क्षेत्रीय प्रबन्धक विनोद अब्राहमले फ्लाई दुबईका सेवा र विशेषताबारे प्रस्तुतिकरण राखेका थिए । उनले पोखरा-दुबई उडान सफल भएमा अन्य अन्तरराष्ट्रिय एयरलाइन्स कम्पनी पनि पोखरामा आकर्षित हुने बताए । क्षेत्रीय प्रबन्धक अब्राहमले उडान सेवालाई दिगो र प्रभावकारी बनाउन सबै पक्षको साथ, सहयोग र एक्वबद्धता चाहिने उल्लेख गरे ।

'नाट्टा' गण्डकीका अध्यक्ष सङ्गीता पौडेलले पोखरा-दुबई उडान सफल हुँदा पर्यटन व्यवसायी मात्र नभई मुलुकको अन्य क्षेत्रले पनि प्रत्यक्ष लाभ लिने बताए । उनले पोखरेली पर्यटन व्यवसायी यस उडानको सफलता, निरन्तरताका लागि आवश्यक सहयोग र सहकार्य गर्न प्रतिबद्ध रहेको बताए ।

केही दिनअघि पोखरा महानगरपालिका र फ्लाई दुबइबीच पनि पर्यटन प्रवर्द्धन, गन्तव्यस्थलको बजारीकरण, अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तारलगायत पारस्परिक हितका क्षेत्रमा सहकार्यलाई निरन्तरता दिने विषयमा समझदारी भएको थियो ।

यस उडानले पोखराको अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तारसँगै पर्यटन, व्यापार तथा आर्थिक गतिविधिमा थप योगदान पुग्ने अपेक्षा गरिएको छ । पोखरा-दुबई सिधा हवाई उडानलाई दिगो बनाउन पोखराका विभिन्न संघसंस्थाले चासो र अग्रसरता देखाएका छन् । उडान सेवालाई स्थायित्व दिन स्थानीयवासी र सरोकार भएका सबै पक्षको सहयोग महत्वपूर्ण हुने देखिएको छ ।

यो उडानबाट गण्डकी प्रदेश र आसपासका नागरिकलाई सोझै लण्डन, न्युयोर्क, टोकियोजस्ता विश्वाका २५० भन्दाबढी गन्तव्यमा पुग्न सहज हुने जनाइएको छ । नेपाल नागरिक उ•यन प्राधिकरणले गत जेठमा फ्लाई दुबईलाई दुबई-पोखरा-दुबई दैनिक उडानका लागि अनुमति दिएको थियो ।

यसबीचमा फ्लाई दुबईले उडान तालिम सार्वजनिक गरिसकेको छ । सुरुमा एक महिनाका लागि मात्र दिनको एकपटक उडान गर्ने घोषणा गरेको फ्लाई दुबईले सन् २०२७ को मार्च २६ सम्मकै बुकिङ खुला गरिएको जनाएको छ ।

सरकारले चालु आवको नीति तथा कार्यक्रममा पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा अन्तरराष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान अनुमति पाएको थियो । विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तरराष्ट्रिय हवाई सञ्जालमा जोड्नेछ ।

## कर्पोरेट

### एनसेलले बाढीप्रभावित क्षेत्रमा स्याटलाइट प्रविधिमार्फत सञ्चार सेवा उपलब्ध गराउँदै



**काठमाडौं (प्रस)–** एनसेलले भोटेकोशी नदीमा आएको बाढी प्रभावित क्षेत्रमा हाल भइरहेको खोज, उद्धार र राहत कार्यलाई सहज बनाउन तथा आपत्कालीन अवस्थामा समेत सञ्चार अवरुद्ध नहोस् भन्ने उद्देश्यले स्याटलाइट प्रविधिमा आधारित इन्टरनेट सेवा उपलब्ध गराउन थालेको छ । युटेलस्याटको लो अर्थ अर्बिट स्याटलाइटबाट सञ्चालित उपकरणहरू एनसेलले उद्धार, राहत र पुनर्स्थापना प्रयासमा संलग्न सम्बन्धित सरकारी निकायहरूसँग समन्वय गरी पहिचान गरिएका महत्त्वपूर्ण र आवश्यक स्थानहरूमा जडान गरिरहेको छ । यो प्रविधिले सञ्चार सञ्जाल अवरुद्ध भएको बेला समेत स्याटलाइट मार्फत इन्टरनेट सेवा प्रदान गर्छ ।

बाढी प्रभावित समुदाय, होल्डिङ सेन्टर र राहत वितरण केन्द्र, अस्थायी शिविर, आपत्कालीन कार्य हुने स्थान लगायतका क्षेत्रमा यो प्रविधिले हालको अवस्थामा निःशुल्क इन्टरनेट सेवा प्रदान गर्नेछ । हालसम्म यो प्रविधि मार्फत नुवाकोटका तीन महत्त्वपूर्ण स्थानमा सेवा उपलब्ध गराइएको छ भने बाढी प्रभावित अन्य स्थानमा जडान गर्ने कार्य जारी छ । यो प्रविधिमा जमिनमा जडान गरिएको उपकरणले स्याटलाइटबाट इन्टरनेट सिग्नल प्राप्त गर्दछ । त्यसपछि उक्त उपकरणले वरपरका क्षेत्रमा एक अर्को उपकरणमार्फत वाईफाई सेवा उपलब्ध गराउँछ । साधारण इन्टरनेट र मोबाइल सेवा उपलब्ध नभए पनि यो प्रविधिले इन्टरनेट सेवा दिन्छ ।

यो प्रविधिले उच्च-गति र लो लेटेन्सी कनेक्टिभिटी प्रदान गर्दछ जसको अर्थ मानिसहरूले यसलाई सन्देश आदानप्रदान, इन्टरनेट-आधारित कल, महत्वपूर्ण जानकारी पहुँच, ब्राउजिङ र राहत प्रयासहरूको समन्वयका लागि प्रयोग गर्न सक्छन् ।

एनसेलले यो सेवाका लागि नेपाल दूरसञ्चार प्राधिकरणलगायतका सरकारी निकायहरूबाट आवश्यक स्वीकृतिहरू प्राप्त गरिसकेको छ । 'हामीले सडक पूर्वाधार र सञ्चार सेवा गम्भीर रूपमा प्रभावित भएको नुवाकोटको तीन स्थानमा स्याटलाइट सञ्चार पहुँच स्थापना गरेका छौं । यसले उद्धार तथा राहत कार्यलाई सहज बनाउनुका साथै प्रभावित स्थानीय वासीलाई यो कठिन समयमा सम्पर्कमा रहन मद्दत गर्नेछ,' एनसेलका प्रमुख कर्पोरेट तथा नियामक अधिकृत डिल्लीराम श्रेष्ठले भने ।


### बाढीपीडितका लागि सिटिजन लाइफका लिडर्सको राहत सहयोग




**नुवाकोट (प्रस)–** बाढीबाट प्रभावित नुवाकोटका नागरिकका लागि सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका लिडर्सहरूले राहत सामग्री सहयोग गरेका छन् ।

कम्पनीका विभिन्न शाखामा आबद्ध लिडर्स तथा सहयोगीहरूबाट संकलित खाद्यान्न, लत्ताकपडालगायत अत्यावश्यक सामग्री पहिलो चरणमा १३ भदौमा विदुर नगरपालिकालाई हस्तान्तरण गरिएको थियो । त्यसपछि भदौ १९ गते बाढीबाट प्रत्यक्ष प्रभावित बेत्रावती (स्वारा) क्षेत्रमा स्थापना गरिएको अस्थायी बस्तीमा समेत राहत सामग्री पुऱ्याइएको हो । राहत अभियानको समग्र समन्वय बालाजु क्षेत्रका क्षेत्रीय प्रमुख विष्णुप्रसाद सापकोटाले गरेका थिए । अभियानमा बिशेष योगदान पुऱ्याउने सरोज लो साथै, सिटिजन लाइफका स्टार एजेन्सी म्यानेजर गीता रायमाझी, सिनियर एजेन्सी म्यानेजर सुरेशबाबु जमरकट्टेल, सिनयर एजेनसी म्यपानेजर निरु अधिकारी, एजेन्सी म्यानेजर शुसिल कुमार बस्नेत, दुर्गा ढकाल खड्का, जया श्रेष्ठ, उमा देउजा, उमा थापा तथा विभिन्न शाखाका ८० भन्दा धेरै लिडर्सहरूको सक्रिय सहभागिता रहेको थियो ।

### काठमाडौंमा रात्रिकालीन अखण्ड नमोकार जप आयोजना हुँदै




**काठमाडौं (प्रस)–** सामूहिक जिनेन्द्र आराधना संस्थाको संयोजनमा यही बिहीबारका दिन काठमाडौँस्थित जैन भवनमा 'रात्रिकालीन अखण्ड नमोकार जाप' आयोजना हुने भएको छ । संस्थाका नेपाल शाखा अध्यक्ष सुभाष जैन सेठीका अनुसार काठमाडौं उपत्यकामा रहेका सम्पूर्ण जैन साधर्मी परिवारहरूलाई उक्त जपमा बढीभन्दा बढी संख्यामा सहभागी भई आध्यात्मिक ऊर्जा एवं धर्मलाभ लिन आह्वान गरिएको छ ।

कार्यक्रमलाई भव्य र सुव्यवस्थित रूपमा सम्पन्न गर्न विभिन्न संयोजक तथा समन्वयकर्ताहरूको टोली गठन गरिएको छ । रातभर सञ्चालन हुने यस अखण्ड जपमा हरेक समय भक्तजनहरूको निरन्तर उपस्थिति रहोस् भन्ने हेतुले सहभागीहरूलाई आफ्नो अनुकूल समयको 'स्लट' आयोजकसमक्ष अग्रिम दर्ता गराउन अनुरोध समेत गरिएको छ ।

विश्व शान्तिको कामनाका साथै हालै भोटेकोशीमा आएको बाढी-पहिरोको प्रकोपबाट सम्पूर्ण नागरिकले शीघ्र राहत पाऊन् भन्ने मंगल भावना व्यक्त गर्दै यो अखण्ड जप सञ्चालन गर्न लागिएको आयोजकले जनाएको छ ।

### नेपाल पूर्वसशस्त्र प्रहरी संघको समन्वयमा बाढीपीडित परिवारलाई राहत हस्तान्तरण



**काठमाडौं (प्रस)–** रसुवाको गोसाईंकुण्ड गाउँपालिका-२, टिमुरेमा आएको विनाशकारी बाढीका कारण घरपरिवार गुमाएर विस्थापित भई काठमाडौंको स्वयम्भूस्थित मुस्ताङ गुम्बामा आश्रय लिइरहेका बाढीपीडित परिवारलाई राहत सामग्री हस्तान्तरण गरिएको छ । नेपाल पूर्व सशस्त्र प्रहरी संघका अध्यक्ष पूर्व सशस्त्र प्रशरी अतिरिक्त महानिरीक्षक नारायण बाबु थापाको समन्वयमा संकलन गरिएको खाद्यान्न, दैनिक उपभोग्य सामग्री तथा नगद सहयोग मंगलबार पीडित परिवारलाई हस्तान्तरण गरिएको हो ।

संघका अनुसार इन्जेक्सन नेपाल प्राइभेट लिमिटेडका मेनेजिङ डाइरेक्टर तथा संघका आजीवन सदस्य पूर्व सशस्त्र प्रहरी निरीक्षक (सप्रनि) देव सिंह भाटको विशेष समन्वयमा खाद्यान्न तथा दैनिक उपभोग्य सामग्रीसँगै पीडित पूर्व सशस्त्र प्रहरी कर्मचारीका लागि रु. १ लाख ५५ हजार ५ सय ५५ नगद सहयोग प्राप्त भएको थियो ।

त्यस्तै, संघका आजीवन सदस्य पूर्व डिएसपी भीमबहादुर भुजेलको तर्फबाट सेनेटरी प्याड तथा संघका महासचिव पूर्व सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक (सप्रबउ) प्रेमराज पोखेलको समन्वयमा झापा दमक निवासी मदनकुमार अधिकारीबाट खाद्यान्नलगायतका उपभोग्य सामग्री सहयोग प्राप्त भएको संघले जनाएको छ ।

राहत सामग्री टिमुरे निवासी टोली सह-संयोजक नाम्गेल घलेमार्फत पीडित परिवारलाई हस्तान्तरण गरिएको संघले जनाएको छ । इन्जेक्सन नेपाल प्राइभेट लिमिटेडबाट विभिन्न खाद्यान्न प्राप्त भएको थियो भने पूर्व सप्रनाउ भीमबहादुर भुजेलबाट २३ हजार रूपैयाँ बराबरको सेनेटरी प्याड प्राप्त भएको छ । मदनकुमार अधिकारीले पनि विभिन्न खाद्य सामाग्री सहयोग गरेका थिए ।

## दुई करोडभन्दा बढी खर्चिएको पार्क अलपत्र



■ दामोदर खनाल

**सन्धिखर्क–** अर्घाखाँचीको धार्मिक एव पर्यटकिय क्षेत्र नरपानीमा लुम्बिनी प्रदेश सरकार र सन्धिखर्क नगरपालिकाको लगानीमा दुई करोड बढि रूपैयाँ खर्च गरेर बनाईएको पार्क संरक्षण नपाएर अलपत्र परेको छ । प्रदेश सरकार, नगरपालिका र स्थानीयबासीबीच तालमेल मिल्न नसक्दा यहाँ रहेको महत्वपूर्ण पार्क अलपत्र परेको हो ।

सन्धिखर्क नगरपालिकाको करिव १ करोड र लुम्बिनी प्रदेश सरकारको समपुरक बजेटअर्न्तगत १ करोड १८ लाख ६६ हजार बजेटमा निर्माण सम्पन्न भएको अर्घाखाँचीको सन्धिखर्क नगरपालिका- ६ को नरपानीमा रहेको 'गंगा सरोबर पार्क र शहीदमनोज झपेन्द्र स्मृति पार्क' स्याहार सुसार नपाएर बेवारिसे जस्तै बनेको छ । यो 'गंगा सरोवर पार्क'का लागि प्राकृति श्रोत संरक्षण योजनाअन्तर्रगत प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत १ करोड १८ लाख ६६ हजार रूपैयाँ खर्च भएको छ ।

यो पार्कका लागि सन्धिखर्क नगरपालिकाको पनि करिब १ करोड रूपैयाँ खर्च भईसके पनि केही स्थानियवासीका कारण पार्क व्यवस्थापन गर्न नसकिएको नगर प्रमुख कृष्ण प्रसाद श्रेष्ठले जानकारी दिए । यत्रो रकम खर्चिएर बनाईएको पार्क किन संचालनमा आउन नसकेर अलपत्र पऱ्यो त भन्ने जिज्ञासामा सन्धिखर्क नगरपालिकाका नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठले भने, 'स्थानियले ठेक्का लगाएर संचालन गर्न अबरोध गरेकाले अब कार्यबिधि बनाएर संचालन गर्ने योजनामा छौं ।'

'हामीले पार्क संचालनका लागि पटक-पटक प्रयास गऱ्यौं तर स्थानियबाट अबरोध भईरहेका कारण पार्कको झाडि समेत सफा गर्न सकिएको छैन । यो वर्ष हामीले संचालनमा ल्याएर छाड्छौं,' मेयर श्रेष्ठले प्रतिबद्वता जनाए । सन्धिखर्क नगरपालिकाको नरपानीमा रहेको यो गंगा सरोबर पार्क स्याहार सुसार नपाउदा झाडिमय भएको छ । यो पार्कको गेट बन्द छ, वरिपरि झार र झाडीले भरिएको छ । पार्क हेर्न पुगेका स्थानिय र वाह्य पर्यटकहरू गेट बाहिरैबाट फर्किन्छन् । प्रयोगमा नल्याई यसरी बेवारिसे बनाउने भए यत्रो रकम किन खर्च गरेको स्थानियवासीले प्रश्न गर्न थालेका छन् ।

अर्घाखाँचीको पवित्र सुपादेउराली मन्दिर नजिक पर्ने नरपानी पिकनिकस्थलको उत्तरतिर रहेको यो पार्कले संरक्षण पाउने हो भनि यहाँ आन्तरिक र वाह्य पर्यटक आकर्षित गर्न सकिन्छ । यो पार्कमा रहेको पोखरीमा डुंगा चलाएर पनि आम्दानी गर्न सकिने सम्भावना रहेको रूपन्देहीबाट सुपादेउराली मन्दिर दर्शन गर्ने क्रममा नरपानी पुगेका नारायण ढकालले वताए ।

यति महत्वपूर्ण पार्क अस्तव्यस्त अलपत्र हुँदा पनि सम्बद्व निकाय लुम्बिनी प्रदेश सरकार र सन्धिखर्क नगरपालिकाको खासै ध्यानजान नसक्नुले बजेटको दुरूपयोग भएकोमा स्थानियबासी चिन्ता ब्यक्त गर्दछन् ।

यहाँ रहेको ऐतिहासिक सुपा देउराली मन्दिर, रमणीय वातावरण र राम्रो हावापानीका कारण यो क्षेत्र भारतीय पर्यटकको रोझाईमा समेत परेको पाईन्छ । सुपा देउराली मन्दिर पर्यटकीय तथा धार्मिक तीर्थस्थल भएकाले पनि नेपालका विभिन्न जिल्लाबाट ठुलो संख्यामा मानिसहरू मन्दिर दर्शन गर्न आउने गर्दछन् । चिसो हावापानी रमणीय वातावरण भएकोले तराईबाट गर्मी छल्न पनि आन्तरिक र बाह्य पर्यटक यो क्षेत्रमा आउने गर्दछन । यहाँबाट हिमदृश्य समेत हेर्न सकिन्छ भनी यहाँबाट आधाघण्टाको दूरीमा पश्चिम तिर ऐतिहासिक खाचीकोट दरबारसमेत रहेको छ ।

सुपा देउराली मन्दिर दर्शन गर्न आउनेहरू बलि चढाएर नरपानीमा रहेको वनभोजस्थलमा आएर बनाएर खाने गर्दछन् । यहाँ आउनेहरूका लागि यो गंगा सरोवर पार्क ब्यवस्थापन गरेर सञ्चालनमा ल्याउन सके पर्यटकको बसाई लम्ब्याउन सकिने नरपानी पुग्नेहरू बताउँछन् । यो क्षेत्रमा चहलपहल बढाउन सके स्थानिय अर्गानिक कृषि उत्पादन, तरकारी फलफूलले पनि राम्रो बजार पाउनेमा स्थानीयहरू आशावादी देखिन्छन् ।

उता नरपानीमै २०७७/०७८ सालमा ११ लाख ८६ हजार ९०० रूपैया खर्च गरेर उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय अन्तर्गत पर्यटन डिभिजन कार्यालयले बनाएको 'सहिद मनोज झपेन्द्र स्मृति पार्क' पनि संरक्षण नपाएर अलपत्र अवस्थामा रहेको छ ।

यसरी पार्कको नाममा करोडौ रकम खर्च भएपनि पार्कहरूले संरक्षण नपाउनु र सञ्चालनमा नआउनुले सरकारका काम प्रतिनै आसंका उब्जिन थालेको स्थानीयको गुनासो छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ